# प्रतापपुर गाउँपालिकाको स्वास्थ्य ऐन

# २०७९

गाउँ सभाबाट स्वीकृत मितिः २०७९ पौष २८ गते

प्रतापपुर गाउँपालिका

गाउँ कार्यपालिकाको कार्यालय

बेलाटारी, नवलपरासी (बर्दघाट सुस्ता पश्चिम)

लुम्बिनी प्रदेश, नेपाल

# प्रतापपुर गाउँपालिकाको स्वास्थ्य ऐन

# २०७९

प्रतापपुर गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय प्रतापपुर, नवलपरासी (ब.सु.प.) लुम्बिनी प्रदेश, नेपाल

प्रमाणीकरण

उमेश चन्द्र यादव
अध्यक्ष

गाउँ सभाबाट स्वीकृत मितिः २०७९ पौष २८ गते

प्रतापपुर गाउँपालिका

गाउँ कार्यपालिकाको कार्यालय

बेलाटारी, नवलपरासी (बर्दघाट सुस्ता पश्चिम)

लुम्बिनी प्रदेश, नेपाल

# प्रतापपुर गाउँपालिकाको स्वास्थ्य ऐन

## २०७९

**प्रस्तावना**

नागरिकहरुको आधारभुत स्वास्थ्य सेवालाई संविधान अनुरुप नागरिकको मौलिक अधिकारको रुपमा गुणस्तरीय स्वास्थ्य सेवा सुनिश्चित गर्ने गाउँपालिकाको जिम्मेवारी प्रमुख रहि आएको र सोको व्यबस्थापन स्पष्ट कानुनमा व्यवस्थागरी कार्य सम्पादन गर्न वाञ्छनिय भएकोले नेपालको संविधान २०७२ को धारा २२६ अनुसार सोही संविधानको अनुसुची ८ र ९ को सूची बमोजिमको अधिकारहरुलाई कार्यान्वयन गर्न तथा स्थानिय सरकार संचालन ऐन ०७४ को दफा १०२ बमोजिम गाउँसभाले गाउँपालिका भित्र प्रभावकारी स्वास्थ्य सेवा प्रवाह गर्नको लागि यो "स्वास्थ्य ऐन २०७९" बनाई लागू गरेको छ ।

## परिच्छेद १

### प्रारम्भिक

१. संक्षिप्त नाम प्रारम्भ

क) यस ऐनको नाम "प्रतापपुर गाउँपालिकाको स्वास्थ्य ऐन २०७९" रहेको छ ।

ख) गाउँसभाबाट स्वीकृत भई स्थानिय राजपत्रमा प्रकाशित भए पश्चात तुरून्त लागु हुनेछ ।

ग) यो ऐन प्रतापपुर गाउँपालिका भरी लागू हुने छ ।

२. परिभाषा

बिषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस ऐनमा,

(क) "ऐन" भन्नाले प्रतापपुर गाउँपालिकाको स्वास्थ्य ऐन २०७९ लाई सम्झनु पर्छ ।

(ख) "संघिय ऐन" भन्नाले स्वास्थ्य सम्बन्धि संघिय संसदले बनाएको ऐनलाई बुझ्नुपर्दछ ।

(ग) "गाउँपालिका" भन्नाले प्रतापपुर गाउँपालिकालाई बुझ्नुपर्छ ।

(घ) "गाउँ सभा" भन्नाले प्रतापपुर गाउँपालिकाको गाउँ सभालाई सम्झनुपर्छ ।

(ङ) "कार्यपालिका" भन्नाले प्रतापपुर गाउँपालिकाको गाउँकार्यपालिकालाई सम्झनुपर्छ ।

(च) "सरकारी वा सामुदायिक" भन्नाले सरकारी वा सामुदायिक स्वामित्वमा संचालन भएका स्वास्थ्य संस्थालाई सम्झनुपर्दछ ।

(छ) "निजि" भन्नाले सेवासंगसंगै नाफाको समेत उद्देश्य राखी संचालन हुने स्वास्थ्य संस्था भनेर सम्झनुपर्दछ ।



प्रमाणित ... चन्द्र यादव अध्यक्ष

(ज) "ट्रष्ट वा लोककल्याणकारी" भन्नाले ट्रष्ट वा लोककल्याणकारी संस्थाहरु मार्फत सञ्चालन हुने स्वास्थ्य संस्था भनेर सम्झनुपर्दछ ।

(झ) "व्यबस्थापन समिति" भन्नाले दफा २३ अन्तर्गत बनेका स्वास्थ्य संस्थाहरुको सञ्चालन तथा व्यबस्थापन समितिलाई सम्झनु पर्दछ ।

(ञ) "अनुगमन समिति" भन्नाले दफा २२ अनुसार गाउँपालिकामा गठित स्वास्थ्य सेवा व्यस्थापन तथा अनुगमन समितिलाई सम्झनु पर्दछ ।

(ट) "स्वास्थ्य शाखा" भन्नाले प्रतापपुर गाउँपालिकाको स्वास्थ्य सेवा सम्वन्धी कामकाज गर्न गराउनको लागी तोकेको पालिका स्तरको स्वास्थ्य शाखा सम्झनुपर्छ ।

(ठ) "स्वास्थ्य संस्था" भन्नाले सरकारी स्वास्थ्य संस्थालाई सम्झनु पर्दछ र सो शब्दले प्रचलित कानून बमोजिम स्थापित सामुदायिक वा गैरसरकारी वा निजी वा सहकारी वा गैर नाफामुलक रुपमा स्थापना भएका स्वास्थ्य संस्थालाई समेत जनाउने छ ।

## परिच्छेद २

### आधारभुत स्वास्थ्य सेवा प्रदायक, सेवाग्राहीको अधिकार, कर्तव्य तथा स्वास्थ्य संस्थाको दायित्व सम्बन्धी ब्यबस्था

३. आधारभुत स्वास्थ्य सेवा:-

(१) प्रतापपुर गाउँपालिकाका प्रत्येक नागरिकहरूलाइ देहायका शीर्षक अन्तर्गत तोकिएका आधारभुत स्वास्थ्य सेवाहरु सहज र सर्वसुलभ रूपमा प्रदान गरिनेछ ।

क) खोप सेवा

ख) एकीकृत नवजात शिशु तथा बालरोग ब्यवस्थापन, पोषण सेवा, गर्भवति, प्रसव तथा सुत्केरी सेवा, परिवार नियोजन तथा प्रजनन स्वास्थ्य जस्ता मातृ, नवजात शिशु तथा बाल स्वास्थ्य सेवा,

ग) सरुवा रोग सम्बन्धि सेवा,

घ) नसर्ने रोग तथा शारीरिक बिकलाङ्गता सम्बन्धी सेवा,

ङ) मानसिक रोग सम्बन्धी सेवा,

च) जेष्ठ नागरिक स्वास्थ्य सम्बन्धी सेवा,

छ) सामान्य आकस्मिक अवस्थाका सेवा,

ज) स्वास्थ्य प्रवर्द्धन सेवा,

झ) आयुर्वेद तथा अन्य मान्यता प्राप्त बैकल्पिक स्वास्थ्य सेवा,

ट) संघीय सरकारले राजपत्रमा सूचना जारी गरी तोकेका अन्य स्वास्थ्य सेवा,

ठ) प्रदेश सरकारले राजपत्रमा सुचना जारी गरी लुम्बिनी प्रदेशका लागि तोकेका अन्य स्वास्थ्य सेवा ।

(ड) प्रतापपुर गाउँपालिकाले स्थानिय राजपत्रमा सुचना जारी गरी गाउँपालिकाको लागि तोकेका अन्य स्वास्थ्य सेवा ।

२) उपदफा (१) बमोजिम नेपाल सरकारले तोकेका आधारभूत स्वास्थ्य सेवाहरुको विस्तृत विवरण, सेवा प्रवाह तथा ब्यवस्थापन सम्बन्धि अन्य ब्यवस्था तथा प्रक्रिया मन्त्रालयले तोके बमोजिम हुनेछ ।

३) उपदफा (१) बमोजिम नेपाल सरकारले तोकेका आधारभूत स्वास्थ्य सेवाहरुमा प्रतापपुर गाउँपालिकाले थप गर्न सक्नेछ । थप गरिएका सेवाहरुको हकमा आर्थिक भार प्रतापपुर गाउँपालिकाले ब्यहोर्नेछ ।

(४) गाउँपालिकाभित्र आधारभूत तथा बिशेषज्ञ स्वास्थ्य सेवा प्रवाह गर्न गराउन तोकिए अनुसारका संगठनात्मक संरचना रहने छन् ।

(५) कुनै पनि नागरिकलाई धर्म, वर्ण, लिङ्ग, भौगोलिक अवस्था आदी कारणले उपदफा (१) मा उल्लेखित स्वास्थ्य सेवाबाट बञ्चित गरिने छैन र सबैलाइ समान व्यवहार गरिनेछ ।

## ४. आधारभुत स्वास्थ्य सेवा प्रदायकहरुः-

प्रतापपुर गाउँपालिका अन्तर्गत आधारभुत स्वास्थ्य सेवा प्रदानगर्न स्वास्थ्य सेवा प्रदायकहरु तिन प्रकारका हुनेछन ।

**क) सरकारी वा सामुदायिकः-** सरकारी वा सामुदायिक स्वामित्वमा संचालन भएका अस्पताल, प्राथमिक स्वास्थ्य सेवा केन्द्र, स्वास्थ्य चौकी, आयुर्वेद तथा प्राकृतिक चिकित्सा केन्द्र, आधारभूत स्वास्थ्य सेवा केन्द्र, गाउँघर किल्निक, आयुर्वेद औषधालय, सरकारी वा सामुदायिक स्वास्थ्य सेवा प्रदायक निकाय हुनेछन् ।

**ख) निजि तथा गैर सरकारी :-** निजि क्षेत्र द्वारा संचालित अस्पताल, नर्सिङहोम, पोलिक्लिनिक वा क्लिनिक स्वास्थ्य प्रयोगशाला, रेडियो ईमेजिङ (प्रयोगशाला र निदानात्मक स्वास्थ्य सेवा प्रदायक संस्था) फार्मेसीहरु निजि तथा गैर सरकारी स्वास्थ्य सेवा प्रदायक निकाय हुनेछन ।

उमेश चन्द्र यादव
अध्यक्ष
प्रमाणीकरण

**ग) ट्रष्ट वा लोककल्याणकारी संस्थाहरुको अधिनस्थ:-** ट्रष्ट वा लोककल्याणकारी संस्थाहरु मार्फत संचालन हुने अस्पताल, स्वास्थ्य केन्द्र, घुम्ती क्लिनिक यस अन्तर्गत हुनेछन् ।

५. विशेषज्ञ स्वास्थ्य सेवाः

(१) भौगोलिक अवस्था, रोगको प्रकोप र सेवाको प्रकृतीका आधारमा प्रतापपुर गाउँपालिकाले विशेषज्ञ स्वास्थ्य सेवा, घुम्ती सेवा सञ्चालन गर्नेछ ।

(२) विशेषज्ञ स्वास्थ्य सेवाको पहुँच अभिवृद्धि गर्न गाउँपालिकाले आबश्यकताको आधारमा प्रादेशिक मन्त्रालय र अन्य निकायसँग समन्वय गर्नेछ ।

(३) कुनै पनि गैर सरकारी तथा सामाजीक संघ संस्थाले विशेषज्ञ स्वास्थ्य शिविर र सेवा संचालन गर्दा गाउँपालिकालाई पूर्व जानकारी गराई स्वीकृती पश्चात मात्र संचालन गर्नुपर्ने छ ।

६. आकस्मिक उपचार सेवाः

(१) गाउँपालिका भित्र रहेका स्वास्थ्य संस्थाले संघीय र प्रदेश सरकारबाट तोकिए बमोजिमका आकस्मिक स्वास्थ्य सेवा प्रदान गर्नु पर्ने छ ।

(२) गाउँपालिका तहमा संञ्चालन हुने सवै स्वास्थ्य संथाहरुले कार्यालाय समयमा संभव हुने आकस्मिक स्वास्थ्य सेवा सर्वसुलभ रुपमा प्रदान गर्नुपर्नेछ ।

(३) कुनै किसिमको दुर्घटना वा महामारीजन्य आपत्कालीन अवस्थामा पिडितहरुलाई घटनास्थलमै वा स्वास्थ्य संस्थासम्म लैजाने क्रममा सम्बद्ध निकायले स्वास्थ्य संस्थासँग समन्वय गरी आकस्मिक स्वास्थ्य सेवा प्रदान गर्नु पर्नेछ ।

(४) कुनै पनि आकस्मिक अवस्थामा स्वास्थ्य सेवा प्रदान गर्नु गाउँपालिका तथा स्वास्थ्यकर्मीको प्रमुख दायित्व हुनेछ ।

७. प्रेषण सेवाः

(१) गाउँपालिका भित्रका प्रत्येक स्वास्थ्य संस्थाले उपचारको लागि आएका बिरामीलाई आफ्नो स्वास्थ्य संस्थाको संरचना, उपकरण, बिशेषज्ञ सेवा नभएको वा अन्य कुनै उपयुक्त कारणले उपचार प्रदान गर्न नसकिने अवस्था भएमा आफ्नो स्वास्थ्य संस्थामा उपलब्ध हुने उपचार तत्काल गराई थप उपचारको लागि तुरुन्त त्यस्तो बिरामीलाई थप उपचार प्रदान गर्न सक्ने स्वास्थ्य संस्थामा समन्वय गरि प्रेषण गर्नुपर्नेछ । तर आफ्नो संस्थामा उपरोक्त सेवा र सेवाप्रदायक हुँदाहुँदै अर्को स्वास्थ्य संस्थामा प्रेषण गर्न पाईने छैन ।

(२) स्वास्थ्य संस्थाले उपदफा (१) बमोजिम प्रेषण गर्दा तोकिए बमोजिम विधि र प्रक्रिया पुरा गर्नुपर्दछ ।

(३) प्रेषण सम्बन्धि अन्य सेवा र सुबिधा मन्त्रालय र प्रदेशबाट ब्यवस्था गरे अनुसार हुनेछ ।

(४) यस दफामा अन्यत्र जेसुकै कुरा लेखिएको भएता पनि सेवाग्राहीको इच्छा बमोजिम निजलाई पायक पर्ने वा चाहेको स्वास्थ्य संस्थामा प्रेषण गर्नमा बाधा पुग्ने छैन ।

## ८. गुणस्तरीय आधारभूत स्वास्थ्य सेवा प्रदान गर्नेः

(१) गाउँपालिकाले प्रत्येक स्थानीय बासिन्दालाई गुणस्तरीय आधारभूत स्वास्थ्य सेवा तोकिएको मापदण्ड पूरा गरेका स्थानीय स्वास्थ्य संस्थाबाट उपलब्ध गराउने व्यवस्था मिलाउनेछ । त्यस्ता स्वास्थ्य संस्थामा आवश्यक जनशक्ति, प्रविधि तथा उपकरणको व्यवस्था मिलाउनु पर्नेछ ।

(२) गाउँपालिकाले उपलब्ध स्रोत साधनको आधारमा स्थानीय बासिन्दालाई आधारभूत स्वास्थ्य सेवा प्रदान गर्न देहायका कार्यहरु गर्नेछः-

(क) स्थानीय बासिन्दाको आधारभूत स्वास्थ्यको संरक्षण र संवर्धनका लागि नीति निर्धारण गर्ने,

(ख) आधारभूत स्वास्थ्य सेवाको प्राथमिकता निर्धारण गरी समतामूलक तवरबाट सेवा उपलब्ध गराउने ।

## ९. सेवाग्राहीको कर्तव्यः

स्वास्थ्य संस्थामा वा स्वास्थ्यकर्मीसँग सेवा लिने सेवाग्राहीको कर्तव्य देहाय बमोजिम हुनेछः-

(क) आफ्नो स्वास्थ्यको सम्बन्धमा सचेत रहने, स्वस्थ जीवनशैली अपनाउने, योग तथा शारीरिक व्यायाम गर्ने तथा स्वास्थ्य संस्थाबाट प्रदान गरिने सेवा उपभोग गर्ने,

(ख) स्वास्थ्य सेवा प्राप्त गर्ने व्यक्तिले स्वास्थ्य संस्थाको नियमको पालना गर्ने,

(ग) स्वास्थ्य संस्थालाई आफ्नो स्वास्थ्य अवस्थासँग सम्बन्धित यथार्थ जानकारी उपलब्ध गराउने र स्वास्थ्य सेवा लिँदा स्वास्थ्यकर्मीलाई सहयोग गर्ने,

(घ) स्वाथ्यकर्मी र स्वास्थ्य संस्थाको मर्यादा र सम्मान गर्ने,

(ङ) स्वास्थ्यकर्मीप्रति शारीरिक, मानसिक वा लैङ्गिक हिंसा हुने काम नगर्ने,

(च) सिफारिस गरिएको आंशिक वा पूरा उपचार लिन अस्विकार गरेको अवस्थामा उपचार कार्ड वा डिस्चार्ज सर्टिफिकेटमा उल्लेख गरी हस्ताक्षर गर्ने,

(छ) दफा ६ को अधीनमा रही स्वास्थ्य संस्थाले प्रेषण गरेको स्वास्थ्य संस्थामा गई सेवा लिने ।

प्रमाणीकरण

उमेश चन्द्र यादव
अध्यक्ष

## १०. उपचार गराउने दायित्वः

परिवारका सदस्य, संरक्षक वा संरक्षकत्व स्वीकार गरिएको कुनै पनि व्यक्ति बिरामी भएमा त्यस्तो व्यक्तिलाई स्वास्थ्य संस्थामा लैजानु, उपचार गराउनु, उपचार खर्च व्यहोर्नु र उपचार गर्ने कार्यमा सहयोग तथा सहजीकरण गर्नु अभिभावक, परिवारका सदस्य, संरक्षक तथा संरक्षकत्व स्वीकार गरिएको व्यक्तिको दायित्व हुनेछ ।

## ११. सेवाग्राहीलाई जानकारी दिनु पर्नेः

(१) प्रत्येक स्वास्थ्य संस्था तथा उपचार प्रदान गर्ने स्वास्थ्यकर्मीले सेवाग्राहीलाई देहायका विषयमा सम्भव भएसम्म निजले बुझ्न सक्ने भाषामा जानकारी दिनु पर्नेछः-

(क) प्रत्येक सेवाग्राहीलाई आफ्नो स्वास्थ्य र उपचारको अवस्था सम्बन्धमा जानकारी दिनु पर्नेछ तर सेवाग्राहीको स्वास्थ्य स्थितिको सूचना दिँदा निजको वा समुदायको हित विपरीत हुन सक्ने पर्याप्त आधार भएमा स्वास्थ्य संस्थालाई त्यस्तो सूचना गोप्य राख्न कुनै बाधा पर्ने छैन ।

(ख) रोगको निदान, निदान भएको रोगको प्राकृतिक परिणाम र उपचारसँग सम्बन्धित सेवाको स्तर र विकल्प सम्बन्धमा,

(ग) स्वास्थ्य उपचार सम्बन्धी विकल्पसँग सम्बन्धित अनुमानित खर्च र सम्भावित परिणाम सम्बन्धमा,

(घ) सेवाग्राहीले स्वास्थ्य सेवा अस्वीकार गर्न सक्ने र सेवा अस्वीकार गर्दा उत्पन्न हुन सक्ने सम्भावित परिणाम, जोखिम र दायित्व सम्बन्धमा ।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि सेवाग्राहीको स्वास्थ्य स्थितिको सूचना सम्बन्धित सेवाग्राहीलाई दिन नसकिने अवस्थामा निजको परिवारको उमेर पुगेको सदस्यलाई दिनु पर्नेछ ।

## १२. सेवाग्राहीको सुसूचित सहमति (इन्फर्मड कन्सेन्ट) लिनुपर्नेः

(१) प्रत्येक स्वास्थ्य संस्थाले सेवाग्राहीलाई स्वास्थ्य सेवा उपलब्ध गराउँदा निजको सुसूचित सहमति लिनु पर्नेछ ।

स्पष्टीकरणः यस दफाको प्रयोजनको लागि "सुसूचित सहमति" भन्नाले कानूनी रुपले सक्षम व्यक्तिले स्वास्थ्य सेवा लिन दिएको लिखित वा मौखिक सहमति सम्झनु पर्छ ।

(२) उपदफा (१) प्रयोजनका लागि तोकिएको उपचार प्रदान गर्न लिखित सहमति लिनु पर्नेछ ।

प्रमाणीकरण
उमेश चन्द्र यादव
अध्यक्ष

(३) उपदफा (१) वा (२) मा जुनसुकै कुरा लेखिएको भए तापनि देहायको अवस्थामा सेवाग्राहीको सुसूचित सहमति बिना स्वास्थ्य सेवा प्रदान गर्न सकिनेछः-

(क) सेवाग्राहीले सहमति प्रदान गर्न सक्ने अवस्थामा नरहेको र कसैलाई पनि त्यस्तो सहमति प्रदान गर्ने अनुमति वा अख्तियारी नदिएकोमा उपलब्ध भएसम्म क्रमशः निजको पति वा पत्नी, बाबु वा आमा, हजुरबुबा वा हजुरआमा, उमेर पुगेका छोरा वा छोरी, दाजुभाइ वा दिदीबहिनी वा उपलब्ध सेवाग्राहीको निकटतम व्यक्तिले सहमति दिएको अवस्थामा,

(ख) प्रचलित कानून वा अदालतको आदेश बमोजिम सहमति बिना नै स्वास्थ्य सेवा उपलब्ध गराइएको अवस्था,

(ग) कुनै व्यक्तिलाई उपचार नगर्दा जनस्वास्थ्यमा गम्भीर खतरा उत्पन्न हुने अवस्था रहेकोमा,

(घ) स्वास्थ्य सेवा उपलब्ध गराउन ढिलाई गरिएमा सम्बन्धित बिरामीको मृत्यु हुन सक्ने वा निजको स्वास्थ्यमा अपूरणीय क्षति पुग्न सक्ने सम्भावना रहेकोमा,

(ङ) सम्बन्धित व्यक्तिले व्यक्त वा अव्यक्त रुपमा वा आचरणद्वारा स्वास्थ्य सेवा लिन अस्वीकार नगरेकोमा,

(च) तोकिए बमोजिमको अन्य अवस्थामा ।

## १३. समान व्यवहार गर्नु पर्नेः

(१) यस ऐन बमोजिम उपचार गर्दा सबै सेवाग्राहीप्रति समान तथा आदरपूर्ण व्यवहार गर्नु सम्बन्धित स्वास्थ्यकर्मीको कर्तव्य हुनेछ ।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि बिरामीको स्वास्थ्यको गम्भीरताको आधारमा स्वास्थ्य संस्थाले उपचार गर्दा प्राथमिकीकरण गर्न सक्नेछ ।

(३) कुनै पनि स्वास्थ्य संस्थाले कसैलाई निजको उत्पत्ति, धर्म, वर्ण, जात जाति, लिङ्ग, पेशा, यौनिक तथा लैङ्गि पहिचान, शारीरिक वा स्वास्थ्य अवस्था, अपाङ्गता, वैवाहिक स्थिति, गर्भावस्था, वैचारिक आस्था वा यस्तै अन्य कुनै आधारमा उपचारमा भेदभाव गर्नु गराउनु हुँदैन ।

## १४. पेशागत आचरणः

स्वास्थ्य संस्था तथा स्वास्थ्यकर्मीले सम्बन्धित परिषद्हरुले निर्धारण गरे बमोजिमका पेशागत आचरण पालना गर्नु पर्नेछ ।

## १५. गोपनियता कायम राख्नेः

(१) स्वास्थ्य सेवा प्रवाह गर्दा सेवाग्राहीको स्वास्थ्य अवस्था, निदान वा निजले प्राप्त गरेको उपचार लगायतका सूचनाहरु गोप्य राख्नु पर्नेछ ।

उमेश चन्द्र यादव
अध्यक्ष
प्रमाणीकरण

(२) उपदफा (१) जुनसुकै कुरा लेखिएको भए तापनि देहायको अवस्थामा सूचना सार्वजनिक गर्न यस दफाले बाधा पुर्याएको मानिने छैनः-

(क) सूचना सार्वजनिक गर्न सेवाग्राहीले लिखित सहमति दिएमा,

(ख) अदालतको आदेश वा प्रचलित कानून बमोजिम सूचना सार्वजनिक गर्नु पर्ने भएमा,

(ग) सूचना सार्वजनिक नगर्दा त्यसबाट जनस्वास्थ्यमा गम्भीर असर पर्ने देखिएमा ।

(३) उपदफा (२) को खण्ड (ग) को प्रयोजनका लागि जनस्वास्थ्यमा गम्भीर असर पर्ने वा नपर्ने सम्बन्धमा तोकिएको अधिकारीले निर्णय गरे बमोजिम हुनेछ ।

## १६. डिस्चार्ज (बहिर्गमन) सारांश दिनु पर्नेः

प्रत्येक स्वास्थ्य संस्थामा भर्ना भई उपचार गराइरहेको बिरामीलाई डिस्चार्ज गर्दा त्यस्ता संस्थाले तोकिए बमोजिमको जानकारी सहितको डिस्चार्ज सारांश दिनु पर्नेछ ।

## १७. स्वास्थ्य संस्थाको दायित्वः

(१) प्रत्येक स्वास्थ्य संस्थाले योग्य सेवा प्रदायकबाट मात्र स्वास्थ्य सेवा प्रदान गर्नु पर्नेछ ।

(२) प्रत्येक स्वास्थ्य संस्थाले कुनै पनि रोगको संक्रमण नहुने र रोक्ने तर्फ आवश्यक सुरक्षात्मक उपायको अवलम्बन गर्नु पर्नेछ ।

(३) प्रत्येक स्वास्थ्य संस्थाले आफूले उपलब्ध गराएको स्वास्थ्य सेवासँग सम्बन्धित देहायको सूचना प्रवाह गर्ने व्यवस्था मिलाउनु पर्नेछः-

(क) उपलब्ध स्वास्थ्य सेवा, सोको प्रकृति, लाग्ने अनुमानित समय र लागत,

(ख) कार्य सञ्चालन तालिका र चिकित्सक वा स्वास्थ्यकर्मीको समय तालिका,

(ग) स्वास्थ्य सेवामा पहुँच स्थापित गर्ने कार्यविधि,

(घ) गुनासो व्यवस्थापन सम्बन्धी कार्यविधि ।

## १८. स्थानीय प्रशासनलाई जानकारी गराउनेः

(१) कसैले दुर्घटना वा अन्य कुनै कारणले कुनै व्यक्तिलाई उपचारको लागि कुनै स्वास्थ्य संस्थामा लगेमा त्यस्तो स्वास्थ्य संस्थाले उक्त व्यक्तिलाई तत्काल आफूसँग उपलब्ध भएसम्मको उपचारको सेवा प्रदान गर्नु पर्नेछ र त्यस्तो व्यक्तिको पहिचान हुन नसकेमा सोको जानकारी तत्काल सम्बन्धित स्थानीय प्रशासनलाई दिनु पर्नेछ ।

(२) उपदफा (१) बमोजिम स्वास्थ्य संस्थाले सूचना दिँदा उपचार गरिएको व्यक्ति र निजसँग सम्बन्धित उपलब्ध भएसम्मको अन्य जानकारी समेत दिनु पर्नेछ ।

(३) उपदफा (१) र (२) बमोजिम जानकारी प्राप्त भएपछि स्थानीय प्रशासनले सम्बन्धित व्यक्तिको परिवार, अभिभावक वा संरक्षकको खोजी गरी सोको जानकारी गराउनु पर्नेछ ।

प्रमाणीकरण

## १९. शर्त बन्देज लगाउन सक्नेः

स्वास्थ्य संस्थाको प्रमुखले प्रचलित कानून बमोजिम स्वास्थ्य सेवा प्रदायकको स्वास्थ्य स्थितिको आधारमा स्वास्थ्य संस्थाले प्रदान गर्ने सेवामा निश्चित शर्त बन्देज लगाउन सक्नेछ ।

## २०. आवश्यक उपाय अवलम्बन गर्नेः

प्रत्येक स्वास्थ्य संस्थाले प्रचलित कानूनको अधीनमा रही कर्मचारीको सुरक्षा र रोगको संक्रमण नहुने र रोक्ने तर्फ आवश्यक उपायको अवलम्बन गर्नु पर्नेछ ।

## २१. स्वास्थ्य सेवा प्रदायक संस्थाहरुको परिभाषा र आधारभुत मापदण्डः-

(१) स्वास्थ्य सेवा प्रदायक संस्थाहरुको परिभाषा र आधारभुत मापदण्ड संघिय सरकारले निर्धारण गरे बमोजिम हुनेछ ।

## २२. स्वास्थ्य सेवा व्यस्थापन तथा अनुगमन समिति गठन, काम कर्तव्य र अधिकार

(१) प्रतापपुर गाउँपालिका भित्र रहेका स्वास्थ्य संस्थाहरुको सञ्चालन, व्यवस्थापन तथा रेखदेख गर्न गाउँपालिका स्तरमा स्वास्थ्य सेवा व्यवस्थापन तथा अनुगमन समितिको गठन गरिने छ । यस समितिको गठन देहाय बमोजिम हुनेछ ।

| | | |
|---|---|---|
| क) | गाउँपालिका उपाध्यक्ष | संयोजक |
| ख) | गाउँपालिकाको प्रमुख प्रशासकिय अधिकृत | सदस्य |
| ग) | गाउँपालिकाको स्वास्थ्य क्षेत्र हेर्ने बिषयगत समितिको संयोजक | सदस्य |
| घ) | आमा समुह वा महिला सामुदायिक स्वास्थ्य स्वयं सेविका सञ्जालमध्ये बाट कार्यपालिकाले तोकेको एक जना | सदस्य |
| ङ) | गाउँ कार्यपालिका दलित महिला सदस्य समेत गरी दुई जना | सदस्य |
| च) | स्वास्थ्य संस्था सञ्चालन तथा व्यस्थापन समितिका अध्यक्ष मध्ये प्रत्येक बर्ष परिवर्तन हुने गरी कार्यपालिकाले तोकेको एक जना | सदस्य |
| छ) | स्वास्थ्य शाखा प्रमुख | सदस्य सचिव |

(२) उपदफा १ बमोजिम गठन भएको गाउँपालिका स्तरीय स्वास्थ्य सेवा व्यवस्थापन तथा अनुगमन समितिको काम, कर्तव्य र अधिकार देहाय अनुसार हुनेछ ।

क) गाउँपालिकाको स्वास्थ्य नीति तयार गरि कार्यान्वयन गर्ने ।

प्रमाणिकरण उमेश चन्द्र यादव अध्यक्ष

ख) गाउँपालिका भित्र सन्चालनमा रहेका सबै स्वास्थ्य संस्थाहरुमा आधारभूत स्वास्थ्य सेवा प्रवाह र सेवाको न्यनूतम सेवा मापदण्ड कार्यान्वयन भएको सुनिश्चित गर्ने साथै स्वास्थ्य संस्थाहरुको लागि आवश्यक साधन, श्रोत जुटाउन र परिचालन गर्ने गराउने ।

(ग) स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११ उपदफ ४ (झ) मा भएको स्थानीय तहको एकल अधिकार क्षेत्र अन्तरगत उल्लेख भएका स्वास्थ्य र सरसफइसँग सम्बन्धित (बुदा १ देखि १२) कार्यक्रमहरु को आफ्नो कार्यक्षेत्रभित्र कार्यान्वयनका लागि व्यबस्थापन, समन्वय र सहजीकरण गर्ने ।

(घ) स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११ उपदफा ४ (ख) प्रदेश र स्थानीय सरकारको साझा अधिकारमा उल्लेख भए बमोजिमका स्वास्थ्य सम्बन्धी कार्यक्रमहरु (बुदा १ देखि १७ सम्म) आफ्नो कार्यक्षेत्रभित्र कार्यान्वयनका लागि व्यबस्थापन, समन्वय र सहजीकरण गर्ने ।

(ङ) गाउँपालिका भित्र भौगोलिक कार्यक्षेत्र, जनसंख्या, लक्षित जनसंख्या, जोखिम र पछाडि परेको वर्ग, गरिब र सीमान्तकृत वर्ग निर्धारण गर्न र स्वास्थ्य तथा सहयोगी कार्यक्रम सञ्चालन गर्नका लागि स्थानीय तहमा सिफारिस तथा सहजीकरण गर्ने ।

(च) महामारी तथा प्राकृतिक प्रकोपजस्ता आकस्मिक स्वास्थ्य सेवाको लागि पूर्वतयारी तथा प्रतिकार्यको लागि आवश्यक व्यवस्थापन गर्ने ।

(छ) गाउँपालिका क्षेत्र भित्र स्वास्थ्य संस्था सञ्चालनका लागि अनुमति, स्वीकृति सम्बन्धी गाउँपालिकालाई आवश्यक राय प्रदान गर्ने ।

(ज) स्वास्थ्य संस्था, स्वास्थ्य सेवा व्यबसाय र स्वास्थ्य संस्था सञ्चालन तथा व्यवस्थापन समितिलाई निर्देशन दिने, जागरुक र सचेत गराउने ।

(झ) स्वास्थ्य संस्थाहरुको लागि आवश्यक साधन स्रोत जुटाउने र परिचालन गर्ने गराउने ।

(ञ) स्वास्थ्य संस्था तथा स्वास्थ्य व्यवसायहरूको सुपरीवेक्षण तथा अनुगमन गर्ने साथै गाउँपालिका अन्तरगतका स्वास्थ्य संथाहरु, निजी स्वास्थ्य सेवा प्रदायक तथा विभिन्न संघ संस्थाहरूबाट प्रभाह भएका स्वास्थ्य सेवाहरुको गुणस्तर सुनिश्चितताको लागि स्वास्थ्य क्षेत्रको अनुगमन मूल्याङ्कन तथा सुपरिवेक्षण निर्देशिका तयार गरि कार्यान्वयन गर्ने गराउने ।

प्रमाणीकरण

(ट) स्वास्थ्य विशेषज्ञहरु र स्वास्थ्य सेवा प्रदायकहरुको सूची अद्यावधिक तथा प्रकाशन गर्ने ।

(ठ) स्वास्थ्य सेवाको पहुँच भन्दा बाहिर रहेका समुदायको पहिचान गरी सबैका लागि स्वास्थ्य सेवा सुनिश्चित हुने प्रवन्ध गर्ने ।

(ड) स्वास्थ्य संस्था तथा स्वास्थ्य व्यबसायसँग आवद्ध कर्मचारीहरूलाई कार्य सम्पादन तथा मूल्यांकनका आधारमा आवश्यक प्रोत्साहन, नसिहत र दण्ड गर्ने गराउने ।

(ढ) स्वास्थ्य संस्थाहरूको स्वीकृत दरबन्दीमा रिक्त भई करारमा कर्मचारी, नियूक्ति गर्नु पर्ने भएमा गाउँपालिकाको करार कर्मचारी छनौट समिति मार्फत परीक्षा लिई रिक्त रहेको स्वीकृत दरबन्दीमा योग्यताक्रम अनुसार करार सूचि अनुसार नियुक्ति गर्ने व्यवस्था मिलाउने ।

(ण) स्वास्थ्य संस्था तथा स्वास्थ्य व्यवसायीहरुले दिने सेवाहरुको गुणस्तरको आधारमा सेवा शुल्क निर्धारण गर्ने, स्वीकृती दिने ।

(त) स्वास्थ्य क्षेत्रमा सुशासन कायम गर्ने, गुनासा, उजुरी, सुन्ने, तथा यथोचित सम्वोधन गर्ने, गराउने ।

(थ) गाउँपालिकाले स्वास्थ्य कार्यक्रमहरुको लक्ष्य तथा उपलब्धिबारे समिक्षा गर्ने, सुझाव दिने तथा आवश्यक लिखित पृष्ठपोषण सहित योजना तर्जुमा गर्न सहयोग गर्ने ।

(द) गाउँ कार्यपालिकालाई स्वास्थ्य तथा सरसफाइ क्षेत्रमा आवश्यक सुझाव र सल्लाह दिने ।

(ध) समितिले आवश्यता अनुसार कामकार्वाही गर्नको लागि उपसमितिहरु तोक्न सक्नेछ ।

(३) समितिको बैठक र निर्णय सम्बन्धमाः

(क) समितिको वैठक त्रैमासिक रुपमा बस्नेछ । आवश्यकता अनुसार समितिको विभागीय प्रमुखको निर्देशनमा सदस्य-सचिवले कुनैपनि बेला बैठक बोलाउन सक्नेछन ।

(ग) समितिको कुल सदस्य सङ्ख्याको पचास प्रतिशतभन्दा बढी सदस्यहरु उपस्थित भएमा समितिको बैठकको लागि गणपूरक सङ्ख्या पुगेको मानिनेछ ।

(ङ) समितिले आवश्यक ठानेमा जनस्वास्थ्य क्षेत्रसँग सम्बन्धित कुनै व्यक्ति वा सँस्थालाई समितिको बैठकमा बिषेशज्ञको रुपमा आमन्त्रण गर्न सक्नेछ ।

(च) समितिको बैठक सम्बन्धी अन्य कार्यविधि समिति आफैंले निर्धारण गरे बमोजिम हुनेछ ।

प्रमाणीकरण
जोशा राजद्र यादव
अध्यक्ष

## २३. स्वास्थ्य संस्था सञ्चालन तथा व्यवस्थापन समिति गठन, काम, कर्तव्य र अधिकार

(१) गाउँपालिकाको स्वामित्वका अस्पतालको संचालन तथा व्यवस्थापनको लागी देहाय बमोजिमको अस्पताल व्यवस्थापन समिति हुनेछ ।

| | | |
|---|---|---|
| (क) | गाउँपालिका अध्यक्ष | अध्यक्ष |
| (ख) | गाउँपलिकाभित्र वसोवास गर्ने प्रतिष्ठित समाजसेवी मध्येवाट कार्यपालिकाले तोकेको व्यक्ति | उपाध्यक्ष |
| (ग) | सामाजिक विकास समिति संयोजक | सदस्य |
| (घ) | अस्पताल रहेको वडाको अध्यक्ष | सदस्य |
| (ङ) | गाउँ कार्यपालिका महिला सदस्य मध्ये कम्तिमा एक दलित महिला सदस्य सहित दुई जना | सदस्य |
| (च) | स्वास्थ्य वा शिक्षा क्षेत्रमा कृयाशिल स्थानीय व्यक्तिहरू मध्ये कार्यपालिकाले तोकेको कम्तिमा एक महिला सहित दुई जना | सदस्य |
| (छ) | महिला सामुदायिक स्वास्थ्य स्वयं सेविका मध्येवाट कार्यपालिकाले तोकेको एक जना | सदस्य |
| (ज) | अस्पतालको नर्सिङ इन्चार्ज | सदस्य |
| (झ) | स्थानीय उद्योग व्यापार संघको अध्यक्ष वा प्रतिनिधि -सदस्य | सदस्य |
| (ञ) | स्वास्थ्य शाखा प्रमुख | सदस्य |
| (ट) | अस्पतालको मेडिकल सुपरिटेण्डेन्ट | सदस्य सचिव |

**स्पष्टिकरण**: यस उपदफा बमोजिम उपाध्यक्ष व्यवस्थापन समितिको अध्यक्ष भएमा गाउँपालिका अध्यक्ष व्यवस्थापन समितिको संरक्षक रहनेछन ।

(२) उपदफा (१) बाहेकका गाउँपालिकाको स्वामित्व रहेका स्वास्थ्य चौकी, आधारभूत स्वास्थ्य सेवा केन्द्रहरूको व्यवस्थापनको लागि देहाय बमोजिमको प्रत्येक स्वास्थ्य संस्थाको छुट्टा छुट्टै एक स्वास्थ्य संस्था सञ्चालन तथा व्यवस्थापन समिति हुनेछ ।

| | | |
|---|---|---|
| (क) | स्वास्थ्य संस्था रहेको सम्बन्धित वडाको अध्यक्ष | अध्यक्ष |
| (ख | वडाबाट निर्वाचित महिला सदस्यहरु मध्येबाट एकजना | उपाध्यक्ष |
| (ग) | सम्बन्धित स्वास्थ्य संस्था रहेको वडाको वडा सचिव | सदस्य |

प्रमाणीकरण

| | | | |
|---|---|---|---|
| (घ) | स्वास्थ्य संस्था रहेको क्षेत्रको विद्यालयका प्रमुख वा प्राचार्य मध्येबाट महिला वा महिला प्राचार्य नभएमा महिला शिक्षिका मध्येबाट एक जना समितिले मनोनित गरेको | सदस्य |
| (ङ) | स्थानीय उद्योग वा व्यापार संघको प्रतिनिधि एक जना | सदस्य |
| (च) | महिला स्वास्थ्य स्वयंसेविका मध्येवाट समितिले मनोनित गरेका एक जना | सदस्य |
| (छ) | सम्बन्धित स्वास्थ्य संस्था प्रमुख | सदस्य सचिव |

(३) समितिले बैठकमा देहाय बमोजिमको सदस्यहरू आमन्त्रितको रूपमा बोलाउनु पर्नेछ ।

(क) दलित, जनजाति वा सिमान्तकृत जातजातीको प्रतिनिधित्व हुनेगरी १ जना,

(ख) अपांगता भएका वा जेष्ठ नागरिक मध्येबाट प्रतिनिधित्व हुने गरि १ जना र

(ग) किशोर किशोरीहरूबाट १ जना

(४) समितिले आवश्यक देखेमा स्थानीय समाजसेवी, विज्ञ, स्वास्थ्यको क्षेत्रमा कार्यरत कर्मचारीलाई समितिको वैठकमा आमन्त्रितको रूपमा बोलाउन सक्नेछ ।

(५) उपदफा (२) बमोजिमका स्वास्थ्य संस्थाको व्यवस्थापन समितिमा गाउँपालिका अध्यक्ष संरक्षक रहनेछन ।

(६) स्वास्थ्य संस्था रहेको सम्बन्धित वडाको वडा अध्यक्ष पुरूष भएमा महिला उपाध्यक्ष र महिला अध्यक्ष भएमा पुरूष उपाध्यक्षको व्यवस्था गर्नु पर्नेछ ।

(६) समिति सम्बन्धी अन्य व्यवस्था गाउँ कार्यपालिकाले तोके बमोजिम हुनेछ ।

## २४. व्यवस्थापन समितिको काम, कर्तव्य र अधिकार:

प्रतापपुर गाउँपालिका अन्तरगत रहेका स्वास्थ्य संस्था सञ्चालन तथा व्यवस्थापन समितिको काम, कर्तव्य र अधिकार देहाय वमोजिम हुनेछ,-

(क) नेपाल सरकारबाट जारी गरिएको आधारभूत स्वास्थ्य सेवा प्रबाह र न्यूनतम सेवा मापदण्ड कार्यान्वयनको सुनिश्चितता गराउने ।

(ख) स्वास्थ्य संस्थाबाट गुणस्तरीय, प्रभावकारी एवं दीगो सेवा प्रवाहको लागि स्वास्थ्य संस्थाको उन्नति र विकासको सन्दर्भमा आवश्यक नीति, योजना, कार्यक्रम तर्जुमा र निर्णय गरी कार्यान्वयन गर्ने, गराउने।

प्रमाणीकरण
उमेश चन्द्र यादव
अध्यक्ष

(ग) स्वास्थ्य सेवाको पहुँचवाट वञ्चित स्थानीय समुदायलाई स्वास्थ्य सेवाको पहुँचको सुनिश्चितता गर्न आवश्यक कार्यहरू गर्ने ।

(घ) भूगोल, अल्पसंख्यक, आदिवासी जनजाति, ज्येष्ठ नागरिक, विपन्न वर्ग, अपांगता, बालबालिका, किशोर किशोरी, महिला समूह समेतलाई मध्येनजर राखी स्वास्थ्य संस्थाको प्राथमिकता र योजना तर्जुमा गरी कार्यान्वयन गर्ने ।

(ङ) स्वास्थ्य संस्थाको व्यवस्थापन र सञ्चालनको लागि आवश्यक स्रोत साधन जुटाउन पहल गर्ने, वार्षिक वजेट तथा कार्यक्रम तयार गर्ने ।

(च) स्वास्थ्य संस्थाबाट प्रवाह भएका सेवाहरूको नियमित अनुगमन र समीक्षा गरी सेवाको निरन्तर रूपमा गुणस्तर अभिवृद्धि गर्न आवश्यक निर्णय लिने ।

(छ) स्वास्थ्य बीमा कार्यक्रम, खोप कार्यक्रम, मातृशिशु सुरक्षा कार्यक्रम जस्ता राष्ट्रिय अभियान तथा कार्यक्रमहरूको कार्यान्वयनको आवश्यक प्रवन्ध मिलाउने ।

(ज) अति विपन्न, असहाय तथा अपाङ्गता भएका व्यक्तिहरूलाई निशुल्क वा सहुलियतपूर्ण स्वास्थ्य सेवा प्रदान गर्न आवश्यक प्रवन्ध मिलाउने ।

(झ) स्वास्थ्य संस्थामा कार्यरत जनशक्तिको क्षमता विकास एवं बृति विकासको लागि आवश्यक कार्य गर्ने।

(ञ) सर्वसुलभ र गुणस्तरीय स्वास्थ्य सेवाको पहुँच र उपलब्धता सुनिश्चित गराउनका लागि आवश्यक मानव स्रोत व्यवस्थापन सम्बन्धी कार्य गर्ने तथा सेवा प्रदायक र स्वास्थ्यकर्मीहरुलाई सहज रुपमा कार्य गर्न अनुकूल तथा सुरक्षित बातावरण सृजना गर्ने र उच्च कार्य सम्पादनका लागि प्रोत्साहित गर्ने ।

(ट) स्वास्थ्य संस्थाको भौतिक सम्पत्तिको एकिन तथ्यांक अध्यावधिक गर्ने एवं सम्पत्तिको संरक्षण गर्ने, गराउने । स्वास्थ्य संस्थाको भौतिक संरचना तथा मर्मत संभारको ब्यवस्थापन गर्ने । स्वास्थ्य संस्थाको भौतिक पूर्वाधार तथा सेवा प्रवाह (भवन, औषधि, औजार उपकरण) को लागि स्वास्थ्य संस्थाको नियमित स्व-मूल्यांकनका आधारमा आवश्यक स्थानीय बित्तिय स्रोत साधनहरुको पहिचान तथा परिचालनमा सहयोग गर्ने र सो व्यवस्थापनका लागि सम्बन्धित निकायमा आवश्यक सिफारिस, छलफल, गर्ने ।

(ठ) स्वास्थ्य संस्थाबाट दिईने सेवाको लक्ष्य अनुसार प्रगति भए नभएको अनुगमन गर्ने ।

(ड) स्वास्थ्य सूचनाको उचित व्यवस्थापन गर्न स्वास्थ्य सम्बन्धी तथ्यांक, सूचना संकलन, विश्लेषण गरी सोको उपयोगमा वृद्धि ल्याउने । रेकर्डिङ्गं तथा रिपोर्टिङ्गलाई सुनिश्चित गरी यसको मासिक तथा आवधिक समीक्षा गर्ने ।

(ढ) स्वास्थ्य संस्थाको भौगोलिक कार्यक्षेत्र भित्रको स्वास्थ्य समस्या र आवश्यकताको विश्लेषण गरी तथ्यमा आधारित योजना तर्जुमा, कार्यान्वयन र अनुगमन गर्ने ।

(ण) स्वास्थ्य सेवामा सुशासनलाई मध्येनजर गरी जनसहभागिता र सामाजिक जवाफदेहिता सुनिश्चित गर्दै सेवाग्राही मैत्री स्वास्थ्य सेवालाई सुदृढिकरण गर्न सहयोग तथा सहजीकरण गर्ने ।

(त) विद्युतीय स्वास्थ्यको अवधारणा कार्यान्वयनका लागि गाउँपालिका अन्तर्गतका गाउँपालिकाको स्वास्थ्य क्षेत्र हेर्ने समिति र स्वास्थ्य शाखासंग आवश्यक समन्वय गर्ने ।

(थ) अघिल्लो वैठकले गरेका निर्णयहरूको कार्यन्वयनको स्थितिबारे पुनरावलोकन गरी जनस्वास्थ्यका कार्यक्रम तथा स्वास्थ्य सेवा संचालन आदिमा आएका समस्या समाधान गर्न पहल गर्ने र समाधान हुन नसकेका समस्याहरू समाधानका लागि गाउँपालिका तथा सम्बन्धित निकायलाई पठाउने ।

(द) गाउँपालिकाले बनाएको आवधिक कार्यक्रम कार्यन्वयन, अनुगमन, समीक्षा र स्वास्थ्य संस्थाको आवधिक तथा बार्षिक प्रगति प्रतिवेदन गाउँपालिका समक्ष पेश गर्ने ।

(ध) नेपालको संविधान र स्थानीय सरकार सञ्चालन ऐन २०७४ बमोजिम स्वास्थ्य सम्बन्धी स्थानीय तहको एकल तथा साझा अधिकारहरू कार्यन्वयनका लागि व्यवस्थापन, समन्वय र सहयोग गर्ने ।

(न) संघ, प्रदेश र स्थानीय सरकारले चलाएका स्वास्थ्य सम्बन्धी कार्यक्रम तथा अभियानहरु र गाउँपालिकाले तोके बमोजिमका अन्य कार्यहरू गर्ने ।

## २५. पदाधिकारीहरुको पदावधि:

(१) व्यवस्थापन समितिका पदाधिकारीहरुको पदावधि नियुक्ति भएको मितिले पाँच वर्षको हुनेछ । तर पदाधिकारीको पदावधि बाँकी रहँदै सम्बन्धित स्थानीय तहको निर्वाचन सम्पन्न भएमा समिति स्वत: समाप्त हुनेछ ।

(२) कुनै पनि व्यक्ति दुई कार्यकाल भन्दा बढी स्वास्थ्य संस्था सञ्चालन तथा व्यवस्थापन समितिमा रहन सक्ने छैन । तर पदेनको हकमा यो प्रावधान लागु हुने छैन ।

प्रमाणीकरण

उमेश चन्द्र यादव
अध्यक्ष

## २६. पदावधि रिक्त हुने:

निम्न अवस्थामा पदाधिकारी तथा सदस्यहरुको पद रिक्त हुनेछ;

(क) मृत्यु भएमा,

(ख) राजिनामा दिएमा,

(ग) बिना सूचना लगातार तीनपटक समितिको वैठकमा अनुपस्थित भएमा ।

(घ) फौजदारी अभियोग लागेमा ।

(घ) स्वास्थ्य संस्थाको अहित हुने काम गरेको ठहर भएमा ।

## २७. कोष तथा खाता सञ्चालनः

(१) स्वास्थ्य संस्था सञ्चालन तथा व्यवस्थापन समितिको नाममा एउटा छुट्टै कोष रहनेछ ।

(२) उपदफा (१) बमोजिमको कोषको संचालन गाउँपालिकाको लेखा प्रणालीमा सामञ्जस्यता हुने गरि छुट्टै बैंक खातामार्फत हुनेछ ।

(३) उपदफा (२) बमोजिम रहेको बैंक खाता ब्यवस्थापन समितिका अध्यक्ष र सदस्य सचिवको संयुक्त दस्तखतबाट सञ्चालन हुनेछ ।

(४) उपदफा (२) बमोजिमको लेखा व्यवस्थापन र लेखा परीक्षण प्रचलित कानून बमोजिम हुनेछ ।

# परिच्छेद ३

स्वास्थ्य संस्था स्थापना र सञ्चालन सम्बन्धि मापदण्ड

## २८. स्वास्थ्य संस्था संचालन इजाजतपत्र लिनुपर्ने :

१) नेपाल सरकारले निर्धारण गरेको न्युनतम मापदण्डका साथै गाउँपालिकाले तोकेको प्रक्रिया पुरा गरी गाउँपालिका क्षेत्रभित्र देहाय बमोजिमका निजी, गैरसरकारी, सामुदायिक, सहकारी वा गैरनाफामुलक संस्थालाई स्वास्थ्य संस्था संचालनको लागि इजाजतपत्र दिन सक्नेछ;

(क) अस्पताल

(ख) स्वास्थ्य क्लिनिक, आयुर्वेदिक क्लिनिक, होमियोप्याथी क्लिनिक र यस्तै प्रकारका नेपाल सरकारबाट मान्यता प्राप्त स्वास्थ्य संस्थाहरू तथ अन्य क्लिनिकहरू

(ग) औषधी पसल, फार्मेसी सेवा

(घ) फिजियोथेरापी केन्द्र, पुनर्स्थापना केन्द्र, प्राकृतिक उपचार केन्द्र, अकुपन्चर, अकुप्रेसर केन्द्र, युनानी उपचार केन्द्र, योग ध्यान तथा शारिरीक व्यायम केन्द्र, परम्परागत सेवा क्लिनिक र यस्तै प्रकारका क्लिनिक तथा सेवा केन्द्रहरू

(ङ) पुनर्स्थापना केन्द्र

(च) जेरियाट्रिक परामर्श केन्द्र

(छ) प्रयोगशाला

(ज) वैकल्पिक तथा प्राकृतिक चिकित्सा सम्बन्धि सेवा

(झ) तोकिए बमोजिमका अन्य स्वास्थ्य सेवा

(२) इजाजतपत्र प्राप्त नगरी गैरसरकारी वा निजी स्वास्थ्य संस्थाले स्वास्थ्यसँग सम्बन्धित कुनैपनि संस्था संचालन वा सेवा उपलब्ध गराउन पाउने छैन ।

(३) यो ऐन जारी हुनुअघि गाउँपालिका क्षेत्र भित्र संचालित निजी वा गैरसरकारी स्वास्थ्य संस्थाहरू ऐन जारी भएपछि गाउँपालिकाले तोकेको प्रकृया बमोजिम यो ऐन प्रारम्भ भएको छ महिनाभित्र इजाजतपत्रका लागि निवेदन दिनुपर्नेछ।

(४) उपदफा (१) बमोजिमका स्वास्थ्य संस्थाले स्वास्थ्य संस्था तथा सेवा सञ्चालन इजाजतपत्र लिन वा नवीकरण गर्न कार्यपालिकाले तोके बमोजिमको ढांचामा दरखास्त दिनु पर्नेछ ।

(५) उपदफा (४) बमोजिमका स्वास्थ्य संस्थाले प्रचलित कानून बमोजिमको मापदण्ड पुरा गरे नगरेको सम्बन्धमा अनुगमन समितिले जाँचबुझ गरी वा गराई कार्यपालिकालाई सिफारिस गर्नेछ ।

(६) उपदफा (५) बमोजिम अनुगमन गर्दा मापदण्ड पुरा गरेको पाइएमा कार्यपालिकाले स्वास्थ्य संस्था तथा सेवा संचालन सम्बन्धमा आवश्यक सर्त तोकी तोकिए बमोजिमको ढाँचामा संचालन इजाजतपत्र दिन सक्नेछ ।

(७) स्वास्थ्य संस्थाले प्रत्येक आर्थिक वर्ष समाप्त भएको मितिले एक महिनाभित्र कार्यपालिकाले तोके बमोजिमको विवरण सहितको स्वमुल्याङ्कन प्रतिवेदन कार्यपालिका समक्ष पेश गर्नुपर्नेछ ।

(८) कुनै कारणले स्वास्थ्य संस्था बन्द गर्नुपर्ने वा गाउँपालिका क्षेत्रबाट अन्यत्र सार्नुपर्ने भएमा कार्यपालिकालाई अग्रिम जानकारी गराउनुपर्नेछ ।

प्रमाणीकरण
उमेश चन्द्र यादव
अध्यक्ष

(९) उपदफा (२) र (३) मा जुनसुकै कुरा लेखिएको भए तापनि यो ऐन प्रारम्भ हुँदाको बखत कुनै निकायबाट अनुमति लिई संचालनमा रहेका स्वास्थ्य संस्थाले यस ऐन र प्रचलित कानून बमोजिमको मापदण्ड पुरा गर्न समय माग गरेमा कार्यपालिकाले त्यस्तो स्वास्थ्य संस्थालाई औचित्य हेरी बढीमा छ महिनाको समायावधी दिन सक्नेछ। सो अवधिभित्र इजाजतपत्र नलिने स्वास्थ्य संस्थाको अनुमति स्वत: खारेज हुनेछ।

(१०) स्वास्थ्य संस्था तथा सेवा संचालन अनुमति र इजाजतपत्र सम्बन्धि अन्य व्यवस्था र मापदण्ड नेपाल सरकारले निर्धारण गरेको न्यूनतम मापदण्ड अनुरुप कार्यपालिकाले तोक्नेछ।

(११) उपदफा (१०) बमोजिमको मापदण्ड नबनेसम्मका लागि स्वास्थ्य संस्था तथा सेवा संचालन अनुमति, इजाजतपत्र र नवीकरण सम्बन्धी अन्य व्यवस्था र मापदण्ड प्रचलित कानून बमोजिम हुनेछ ।

(१२) यस दफामा माथि जुनसुकै कुरा लेखिएको भए तापनि गाउँपालिका अन्तर्गत संचालित सरकारी स्वास्थ्य संस्थाले इजाजत अनुमति लिनुपर्ने छैन तर प्रचलित कानून बमोजिमको न्यूनतम गुणस्तर तथा सेवाको मापदण्ड भने पुरा गरेको हुनुपर्नेछ ।

## २९. अस्पताल तथा स्वास्थ्य संस्था सञ्चालन सम्बन्धि मापदण्ड

(१) गाउँपालिका आफैले तोकिएको मापदण्डमा १५ शैया सम्म क्षमताको अस्पताल सञ्चालन गर्नसक्नेछ । यस्तो अस्पताल सञ्चालन गर्न गाउँपालिकाले संघीय सरकारले तयार गरेको दस्तावेज सँग नबाझीने गरी स्थानीय तह अन्तर्गतको अस्पताल सञ्चालन नियमावली तर्जुमा गरी सञ्चालन गर्नेछ ।

(२) गाउँपालिकाको प्रत्येक वडा अर्थात जनसंख्याको अनुपातमा कम्तिमा देहायका पूर्वाधार पुरागरी स्वास्थ्य संस्था स्थापन तथा सञ्चालन गर्नेछ ।

क) **जनशक्ति:-** स्वास्थ्य सहायक (हेल्थ असिस्टेन्ट) वा सोसरह १ जना । अ.हे.ब. २ जना । अ.न.मि. २ जना । ल्याब असिस्टेन्ट १ जना तथा आवश्यकता अनुसार सहायक वा अन्य कर्मचारीहरु ।

ख) **भवनकोठा:-** प्रशासन कक्ष, बहिरंगकक्ष, औषधी भण्डारण तथा वितरणकक्ष, प्राथमिक उपचारकक्ष, बर्थिङ सेन्टर भवन, कर्मचारी आवास भवन, अपाङ्गता भएका व्यक्तीहरू, महिला र पुरुषको लागि छुट्टा छुट्टै शौचालय, पालेघर जस्ता सुविधा सहितको भवन ।

ग) **उपकरण:-** न्यूनतम सेवा मापदण्डले निर्धारण गरेका प्राथमिक उपचारका आधारभुत उपकरणहरु ।

(३) गाउँपालिका क्षेत्र भित्र जडिबुटी प्राकृतिक चिकित्सा योग ध्यान लगायतका प्रवर्द्धनात्मक तथा रोकथाममुलक बैकल्पिक चिकित्सा सेवाको प्रवर्धनका लागि समुदाय वा ट्रष्टहरु संगको साझेदारीमा वा गाउँपालिकाकाले पालिका भित्र रहेको आयुर्बेद तथा बैकल्पिक चिकित्सा केन्द्रको समुचित व्यवस्थापन गर्न सक्नेछ ।

## ३०. निजि क्षेत्रले अस्पताल सञ्चालन गर्न

(१) गाउँपालिकाका क्षेत्र भित्र निजि तथा सहकारी क्षेत्र तथा ट्रष्ट लोककल्याणकारी संस्था द्वारा अस्पताल सञ्चालन गर्न १५ शैया सम्मको सञ्चालन अनुमति गाउँपालिकाले दिन सक्नेछ ।

(२) उपदफा (१) बमोजिम अस्पताल सञ्चालन गर्न चाहने निकायले अनुमतिको लागि तोकिएको ढांचामा गाउँपालिकामा निवेदन दिनुपर्नेछ।

(३) स्वास्थ्य अनुगमन समितिले प्राप्त निवेदन उपर छलफल तथा आबश्यक अनुगमनगरी तोकिएको मापदण्ड पुरा गरेमा अस्पताल सञ्चालनको स्वीकृती प्रदान गर्न सक्ने गरी आशय पत्र प्रदान गर्ने सिफारिस गरिनेछ ।

(४) उपदफा (३) को आधारमा गाउँपालिकाले तोकिएको मापदण्ड पुरा गरेमा बढिमा एक बर्ष भित्र पूर्वाधार निर्माण सम्पन्न गरी सञ्चालनको स्वीकृती प्रदान गर्न सकिने प्रकारको आशय पत्र गाउँपालिका द्वारा प्रदान गरिनेछ ।

(५) तोकिएको समय सिमाभित्र यसै ऐन बमोजिम तोकिएको पूर्वाधार तयार गरी स्वीकृतीको लागि गाउँकार्यपालिकामा निवेदन दिनुपर्नेछ।

(६) उपदफा (५) बमोजिमको निवेदन उपर आबश्यक अनुगमन गरी तोकिएको मापदण्ड पुरा गरेको ठहर भएमा ५ बर्ष सम्मको लागि अस्पताल सञ्चालनको अनुमति प्रदान गर्न सक्नेछ ।

(७) अनुमति नविकरण दस्तुर सम्बन्धि व्यवस्था गाउँ कार्यपालिकाले तोके बमोजिम हुनेछ।

(८) नविकरणको व्यवस्था गाउँ कार्यपालिकाले तोके बमोजिम हुनेछ।

प्रमाणीकरण
उमेश चन्द्र यादव
अध्यक्ष

## ३१. अस्पताल सञ्चालन गर्न आबश्यक मापदण्ड:-

गाउँपालिकाको स्वीकृतीमा सञ्चालन हुने १५ शैया सम्मको अस्पताल सञ्चालनका लागि कम्तिमा एम.बि.बि.एस गरेको चिकित्सक २ जना र एम.डि.जी.पि. डाक्टर १ जना सहित अन्य तोकीय बमोजिमका सहायक स्तरका स्वास्थ्य जनशक्ति आकस्मिक कक्षको व्यवस्था भएको भवन तथा कोठा र उपकरण तथा पूर्वाधार सम्बन्धि व्यवस्था र मापदण्ड तोकिए बमोजिम हुनुपर्नेछ ।

## ३२. पोलिक्लिनिक सञ्चालनको अनुमति:-

(१) गाउँपालिकाले आफ्नो कार्य क्षेत्रमा कुनै व्यक्ति वा संस्थाले पोलिक्लिनिक सञ्चालन गर्न चाहेमा तोकिएको मापदण्ड पुरा गरी स्वीकृती लिनुपर्नेछ।

(२) पोलिक्लिनिकमा बिरामी जाच्ने डाक्टरको विवरण, सञ्चालकको विवरण, सञ्चालन हुने स्थान र उपलब्ध सेवाको विवरण खोलि गाउँपालिका समक्ष निवेदन दिनुपर्नेछ ।

(३) सेवाको विवरण नेपाल सरकार स्वास्थ्य मन्त्रालयको निर्देशिकाको मापदण्ड अनुरुप हुनुपर्दछ ।

## ३३. प्रयोगशाला वा ल्यावरेटोरी संचालन:-

व्यक्ति वा कुनै संस्थाले प्रयोगशाला वा ल्यावरेटोरी संचालन गर्ने चाहेमा देहाय बमोजिमको विवरण सहित गाउँपालिकाबाट स्वीकृती लिनुपर्नेछ ।

(१) सञ्चालकको विवरण र नागरिकताको प्रमाणपत्र ।

(२) प्रयोगशाला वा ल्यावरेटोरी संचालन गर्ने स्थान भएको कागजात ।

(३) प्याथोलोजिको वर्गीकरण अनुसारको चाहिने योग्यता अनुसारको बिषयमा अध्ययन गरेको व्यक्तिको प्रमाणपत्र र सम्बन्धित ल्यावरेटोरीमा काम गर्नका लागि भएको सम्झौतापत्र ।

(४) ल्यावमा काम गर्ने कर्मचारीहरूको व्यवस्था र प्रयोगहुने न्युनतम उपकरणहरूको व्यवस्था ल्याव सञ्चालन सम्बन्धी निर्देशिका तथा सेवा मापदण्डले तोके बमोजिमको विवरण ।

प्रमाणीकरण
उमेश चन्द्र यादव
अध्यक्ष

## ३४. फार्मेसी सञ्चालनको अनुमति:-

(१) गाउँपालिका क्षेत्र भित्र फार्मेसी सञ्चालन गर्न चाहेमा गाउँपालिकाबाट अनुमति लिनुपर्ने छ र उक्त व्यक्ति वा संस्था अनिवार्य रुपमा औषधी व्यवस्था बिभागमा दर्ता भएको हुनु पर्नेछ ।

(२) आधारभुत फार्मेसी शिक्षा (औषधी ब्यबस्था बिभागबाट संचालित ओरियन्टेशनलाई मान्यता हुने छ) वा फार्मेसी बिषय लिएर कम्तिमा प्रविणता प्रमाण पत्र तह वा सो भन्दा बढि शिक्षा प्राप्त व्यक्ति सञ्चालक रहनेगरि फार्मेसी संचालन स्थान बिक्री गर्ने विवरण औषधीको प्रकारहरुको विवरण आवेदनमा खुलाउनु पर्ने ।

(३) फार्मेसी संचालनमा रहने मुख्य संचालक र सहायक कर्मचारीहरुको विवरणहरु, शैक्षिक योग्यताको प्रमाणपत्र, नागरिकता, हाल बसोबास ठेगाना प्रमाणीत भएको कागजात र वडा कार्यालयको सिफारिस सहितको आवेदनसाथ पेश गर्नुपर्नेछ ।

(४) प्राप्त विवरण सहितको आवेदन बमोजिम फार्मेसी संचालनको अनुमति दिन सक्नेछ ।

## ३५. मापदण्ड पुरा नगरेमा सजाय हुने

१) स्वास्थ्य संस्था, प्रयोगशाला, फार्मेसी जस्ता स्वास्थ्य सेवा संचालनको स्वीकृती दिदा तोकिएको मापदण्ड पुरा नभएको तर झुक्याएर विवरण दिएको वा अस्थाई रुपमा मापदण्ड पुरा नगरेको पाईएमा अनुगमन समितिले जुनसुकै बखत अनुगमन गरी सचेत गराउने, जरिवाना गराउने वा स्वीकृती खारेजको लागि गाउँपालिकामा सिफारिस गर्न सक्नेछ ।

२) प्रयोगशालामा तालिम प्राप्त प्राविधिक जनशक्ती बाहेक कुनै व्यक्तिले खकार लगायतको नमुना परिक्षणमा संलग्न भएको पाएमा त्यस्तो प्रयोगशाला बन्द गराउनसक्ने संचालकलाई कालो सुचीमा राखी स्वीकृती खारेजको लागि गाउँपालिकामा सिफारिस गर्न र सो को जानकारी आम नागरिकलाई गराउनु पर्नेछ ।

३) फार्मेसीको हकमा दर्तावाला संचालक र सहयोगी बाहेक फार्मेसीको प्रमाणपत्र वा ओरियन्टेशनको प्रमाणपत्र (औषधी सम्बन्धि) नभएको व्यक्तिले औषधी बेचेको पाएमा सचेत गराउने, जरिवाना तिराउने देखि अनुमति खारेज गर्न सकिनेछ ।

प्रमाणीकरण
अध्यक्ष

## ३६. सहुलियत र छुटको व्यवस्था गर्नुपर्ने

(१) निजि लगानी र ट्रष्ट मार्फत संचालनमा आएका स्वास्थ्य संस्थाहरुले स्वास्थ्य परिक्षणको क्रममा लाग्ने शुल्क गाउँपालिकाको सिफारिसमा निश्चित प्रतिशत सेवाग्राहीहरुको लागि छुट वा मिनाहा दिनु पर्नेछ ।

(२) निजी तथा गैरसरकारी स्वास्थ्य संस्थाले समेत प्रचलित मापदण्ड बमोजिम आफ्नो स्वास्थ्य संस्थामा दश प्रतिशत संख्यामा अनिवार्य रुपमा गाउँपालिकाले सिफारिस गरेका असहाय, गरिव तथा विपन्न नागरिकको नि:शुल्क उपचार गर्नुपर्नेछ ।

# परिच्छेद ४

स्वास्थ्यकर्मि तथा स्वास्थ्य स्वयंसेवा सम्बन्धि व्यवस्था

## ३७. स्वास्थ्यकर्मिहरुको व्यवस्थापन

गाउँपालिका भित्रका सामुदायिक स्वास्थ्य संस्थाहरु मार्फत आधारभुत स्वास्थ्य सेवा प्रवाहका लागि चार प्रकारका स्वास्थ्यकर्मिहरु रहनेछन ।

१) **स्थायी:-** नेपाल सरकारको स्वास्थ्य सेवा बाट समायोजन भइ आएका कर्मचारीहरु तथा अन्य सार्वजनिक निकाय बाट सरुवा भइ आएका स्थायी कर्मचारीहरु ।

२) **करार:-** स्थानिय माग र विशिष्ट कार्यक्रम सञ्चालनका लागि गाउँपालिकामार्फत करार सेवामा भर्ना गरिएका स्वास्थ्यकर्मिहरु ।

(३) **अभ्यास कर्ताः** स्थानीय स्तरमा खुलेका स्वास्थ्य अध्ययन संस्थामा अध्ययनरत विधार्थीहरु एवं गाउँपालिकाको आंशिक वा पूर्ण छात्रबृतिमा अन्यत्र गई स्वास्थ्य विषय (चिकित्सा शास्त्र) अध्ययन गरेका विधार्थीहरुलाई अभ्यास कर्ता स्वास्थ्य कर्मीहरुको रुपमा गाउँपालिकाले भर्ना गर्ने सक्ने छ । यस्ता अभ्यास कर्तालाई बढीमा १ वर्षको लागि भर्ना गर्न सक्नेछ ।

(४) **स्वयं सेवकः** स्थानीय तहभित्रका स्वास्थ्य संस्थाहरू मार्फत विभिन्न विषयमा स्वास्थ्य सम्बन्धि अध्ययन गरेका जनशक्तीहरूलाइ स्वयं सेवकको रूपमा काममा लगाउन सक्नेछ ।

## ३८. महिला सामुदायिक स्वास्थ्य स्वयं सेविकाको व्यवस्थापन

स्वास्थ्य सेवालाई घरघरको पहुंचमा पुर्याउने र जनचेतना फैलाउन गाउँपालिकाले महिला सामुदायिक स्वास्थ्य स्वयं सेविकाहरु नियुक्ति गर्न सक्ने छ ।

(१) महिला स्वयम सेविका नियुक्तिका लागि २१ वर्ष पुरा भई ४० वर्ष ननाघेका शैक्षिक योग्यता न्यूनतम एस.ई.ई. वा सो सरह उर्तिण गरेको । सम्बन्धित वडाको विवाहित नागरिक हुनु पर्ने छ ।

(२) प्रत्येक महिला सामुदायिक स्वास्थ्य स्वयम सेविकाहरुले आधाभूत स्वास्थ्य सम्बन्धि ९ दिनको तालिम लिनु पर्ने छ । गाउँपालिका र स्वास्थ्य संस्थाहरुले आवश्यकता अनुसार तालिम अभिमुखिकरण प्रदान गर्नेछ ।

(३) यस भन्दा पहिले देखि नै कार्यरत महिला स्वास्थ्य स्वयं सेविकाहरु मध्ये निरक्षर र ६० वर्ष उमेर पुगेकालाई प्रोत्साहन भत्ताको व्यवस्था गरी विदाई गरिने छ र नयाँ नियुक्ति गर्दा कम्तीमा एस.ई.ई. वा सो सरह उर्तिण भएकालाई प्राथमिकता दिई नियुक्ती गरिनेछ ।

(४) उपदफा (३) बमोजिम नयाँ भर्नाको लागि मापदण्ड र छनौट समिति  स्वास्थ्य स्वयं सेविकाको संघिय निर्देशिकामा तोकिए बमोजिम हुनेछ ।

(६) कुनै पनि संस्थामा कार्यरत तलबी कर्मचारी, गैर सरकारी वा सरकारी कर्मचारी, सरकारी स्कूलमा अध्यापनरत शिक्षक, निर्वाचित जनप्रतिनिधिले महिला समुदायिक स्वास्थ्य स्वयं सेविकाको रुपमा कार्य गर्न पाइने छैन ।

## ३९. स्वास्थ्यकर्मीको सेवा सुविधा

(१) स्थायी स्वास्थ्यकर्मीको हकमा नेपाल सरकारले तोकेको स्केल बमोजिम तलब र भत्ता तथा स्थानीय गाउँपालिकाले तोके बमोजिम अन्य सुविधाको व्यवस्था गराउनु पर्नेछ ।

(२) करार स्वास्थ्यकर्मी दुई पक्ष बीचको समझदारीमा भएको करार सम्झौता बमोजिम सेवा सुविधा उपलब्ध गराउनु पर्नेछ ।

(३) अभ्यास कर्ता स्वास्थ्यकर्मीहरूलाइ निर्वाह भत्ताको रुपमा सम्बन्धित तहका स्वास्थ्य कर्मीले पाउने मासिक तलब स्केल को दुई तिहाई रकम सम्म उपलब्ध गराउन सकिनेछ ।

प्रमाणीकरण

(४) महिला स्वास्थ्य स्वयम सेविकाको पोशाक बार्षिक रुपमा एक पटक तोकिए बमोजिम संघिय सरकार बाट प्राप्त र गाउँपालिकाले उपलब्ध गराउने सेवा सुबिधा गाउँपालिकाले उल्लेख गरे बमोजिम हुनेछ ।

## ४०. स्वास्थ्यकर्मीको दरबन्दी निर्धारण र नियुक्ति

(१) सामुदायिक वा सरकारी स्वामित्वमा स्वास्थ्य संस्थाहरुमा आवश्यक स्वास्थ्य कर्मीहरुको दरबन्दी नेपाल सरकारले निर्धारण गरेबमोजिम हुनेछ ।

(२) दरबन्दी अनुसारका पदहरुमा दफा (३७) बमोजिमको कर्मचारीहरु नियुक्त हुनेछ ।

(३) स्वास्थ्य संस्थाहरुमा कायम भएका रिक्त दरबन्दी पदमा करार नियुक्ती गर्नु पर्ने भएमा करार नियुक्ती सम्बन्धी व्यवस्था देहाय बमोजिमको छनौट समितिबाट हुनेछ ।

| | | |
|---|---|---|
| (क) | गाउँपालिकाको प्रमुख प्रशासकीय अधिकृत | संयोजक |
| (ख) | गाउँपालिकाले तोकेको कम्तीमा स्नातक उर्तिण एक जना विषय विज्ञ | सदस्य |
| (ग) | गाउँपालिकाको स्वास्थ्य शाखा प्रमुख | सदस्य सचिव |

(४) नयाँ भर्ना प्राबिधिक करार कर्मचारी भर्ना कार्यबिधी बमोजिम हुनेछ ।

## ४१. कर्मचारी सरुवा

(१) स्वास्थ्यकर्मीको हकमा निजले कुनै एक स्वास्थ्य संस्थामा कम्तिमा २ वर्ष सेवा गरे पश्चात अर्को स्वास्थ्य संस्थामा सरुवा हुन सक्नेछ । विशेष परिस्थिती बाहेक न्युनतम २ वर्ष एउटै स्वास्थ्य संस्थामा कार्य गरेपछि मात्र सरुवाको लागि माग गर्नुपर्नेछ ।

(२) उपदफा १ बमोजिमको अवधि पुगेको स्थायी कर्मचारीले अर्को स्वास्थ्य संस्थामा सरुवा हुन चाहेमा गाउँपालिकामा सरुवाको लागि निबेदन दिन सक्ने छ । यसरी प्राप्त निबेदनका आधारमा गाउँपालिकाको स्वास्थ्य शाखाले आफनो क्षेत्र भित्रका कुनै पनि स्वास्थ्य संस्थामा सरुवा गर्न सक्नेछ ।

(३) आबश्यकता अनुसार गाउँपालिकाले पालिका अन्तर्गतको वा आपसी समन्वयमा पालिकाको कुनै पनि स्वास्थ्य संस्थामा नियम अनुसार कामकाजमा खटाउन वा लगाउन सक्नेछ ।

(४) बिशेष अबस्था भन्नाले निज सो संस्थामा रहने नसक्ने बिषयगत दरबन्दी आवश्यक नरहेको स्वास्थ्य समस्या, पति पत्नी संगै रही सेवा गर्न पाउने अबस्था गाउँपालिकाको स्वास्थ्य संस्थाको स्वास्थ्यकर्मीलाई सरुवा गर्नु पर्ने अवस्था र अन्य चित बुझ्दो कारण समेत बुझिनेछ । अथवा कार्यालयको कार्यसम्पादन सन्तोषजनक नभएमा वा कार्यालयलाई आवश्यक परेमा जुन सुकै बखत अन्य स्वास्थ्य संस्थामा कामकाजमा खटाउन सक्नेछ।

## ४२. कार्य सम्पादन करार सम्झौता गर्नु पर्ने

स्वास्थ्य सेवालाई प्रभावकारी बनाउन गाउँपालिका भित्रका स्वास्थ्य संस्थाहरूबाट प्रभावकारी स्वास्थ्य सेवा प्रवाहका लागि आवस्यकता अनुसार करारमा कर्मचारी नियुक्ति गर्दा देहाय अनुसार कार्य सम्पादन करार सम्झौताको प्रक्रिया अबलम्बन गर्नुपर्नेछ ।

(१) गाउँपालिकाका प्रमुखको रोहबरमा प्रमुख प्रशासकीय अधिकृतले स्वास्थ्य शाखा हेर्ने अधिकृत संग उक्त अधिकृतले स्वास्थ्य संस्थाको प्रमुख संग र प्रमुखले अन्य कर्मचारीहरु संग तोकेको ढाचाँमा कार्य सम्पादन करार सम्झौता गर्नु पर्नेछ ।

(२) कार्य सम्पादन करार सम्झौता १ बर्षको हुनेछ । सम्झौता अनुसार काम भए नभएको मूल्यांकन प्रमुख प्रशासकीय अधिकृतले आर्थिक वर्षको अन्त्यमा कार्यपालिका समक्ष पेश गर्नुपर्नेछ ।

(३) बार्षिक कार्य सम्पादन करारका सूचकहरु निर्धारण गर्ने कार्य स्वास्थ्य सेवा व्यवस्थापन तथा अनुगमन समितिले तयार पारी गाउँ कार्यपालिकामा पेश गर्नुपर्नेछ ।

## ४३. कार्य सम्पादन मूल्यांकन, सजाय तथा पुरस्कार

(१) कार्य सम्पादन करार भएका कर्मचारीहरुको कार्य सम्पादन क्षमताको आधारमा मूल्यांकन गरी कार्य सम्पादनमा राम्रो नतिजा हासिल गर्ने कर्मचारीलाई पुरस्कृत गर्ने र कमजोर नतिजा हासिल गर्ने कर्मचारीलाई दण्डित गर्न सकिनेछ ।

(२) कार्य सम्पादन सम्झौताको मूल्यांकन पुरस्कार र सजाय गाउँपालिकाले तोके बमोजिम हुनेछ ।

## परिच्छेद ५

औषधी तथा स्वास्थ्य उपकरण खरिद भण्डारण वितरण सम्बन्धी व्यवस्था

## ४४. बार्षिक खरिद योजना बनाउनु पर्ने

(१) गाउँपालिकाले आफ्नो कार्य क्षेत्र भित्रका स्वास्थ्य संस्थाहरूमा बार्षिक रुपमा आवश्यक पर्ने औषधी तथा स्वास्थ्यको उपकरणको अनुमान तथा प्रक्षेपण गत वर्षको खपत, अनुमानीत लक्षीत जनसंख्या, सेवा प्रवाहको अवस्था आदिको आधारमा गरी खरिद गर्न बार्षिक खरिद योजना बनाई स्वीकृती गराउनु पर्नेछ ।

(२) बार्षिक खरिद योजना स्वास्थ्य शाखाको सहयोगमा खरिद इकाईले तयार पार्नेछ ।

## ४५. औषधी तथा स्वास्थ्य उपकरण खरिद

(१) औषधी तथा स्वास्थ्य उपकरण खरिदका लागि गाउँपालिकाको स्वास्थ्य शाखाले प्रक्रिया अगाडी बढाउने छ ।

(२) औषधी तथा स्वास्थ्य उपकरणको खरिद कार्यमा सार्वजानिक खरिद ऐन २०६३, सार्वजानिक खरिद नियामावली २०६४ र बिषयगत स्थानीय कानूनको प्रावधान अनुसार गर्नुपर्नेछ ।

## ४६. औषधी तथा स्वास्थ्य उपकरणको भण्डारण

(१) खरिद गरिएको औषधी तथा स्वास्थ्य उपकरणहरू सुरक्षित भण्डारको व्यवस्था गाउँपालिकाको स्वास्थ्य शाखाले मिलाउने छ ।

(२) स्वास्थ्य उपकरण र औषधीको खरिद समान्यतया चौमासिक रुपमा गर्नुपर्नेछ । खरिदको परिमाण निर्धारण सम्बन्धीत स्वास्थ्य संस्थाले माग गरे बमोजिम २० प्रतिशत नबढाई गर्नुपर्नेछ ।

(३) गाउँपालिकाले खरिद गरेको उपकरण र औषधी सम्बन्धी विवरण कुल परिमाण र मूल्य खरिद मितिको एक हप्ता भित्र सार्वजानिक गर्नुपर्नेछ ।

(४) सम्बन्धीत समुदाय स्वास्थ्य संस्थाले गाउँपालिकाबाट प्राप्त गरेको उपकरण र औषधी तथा औषधी वितरण सम्बन्धीत बिस्तृत विवरण त्रैमासिक रुपमा सार्वजानिक गर्ने र गाउँपालिकाको स्वास्थ्य शाखामा बुझाउनु पर्नेछ ।

# परिच्छेद नं. ६

## स्वास्थ्य सेवाको न्यूनतम मूल्य, गुणस्तर, सामाजिक सुरक्षा तथा अनुगमन सम्बन्धि व्यवस्था

## ४७. अनुगमन तथा गुणस्तर समिति

(१) स्वास्थ्य संस्थाको अनुगमन, मुल्याङ्कन तथा सुपरिवेक्षण गर्न समिति गठनको संदर्भमा प्रारम्भिक रूपमा दफा २२ अन्तर्गत गठित स्वास्थ्य सेवा व्यवस्थापन तथा अनुगमन समितिले कार्य गर्नेछ र उक्त कार्यको उपयुक्त व्यवस्थापनको लागि पालिका स्तरीय अनुगमन मुल्यांकन तथा सुपरिवेक्षण निर्देशिका तयारी गरि कार्यान्वयनमा ल्याईने छ ।

(२) नगरपालिकाले स्थानीय स्तरमा संचालित चिकित्सकीय उत्पादन र स्वास्थ्य सेवाहरुको न्यूनतम मूल्य र गुणस्तर निर्धारण गर्न सक्नेछ । स्थानीय स्वास्थ्य सेवा अनुगमन समिति मार्फत निर्धारित गुणस्तर र मूल्य भए नभए को अनुगमन गरी सो अनुरुप कार्य गराउन निर्देशन दिने छ ।

## ४८. सामाजिक सुरक्षा कार्यक्रम संचालन तथा व्यवस्थापन

(१) गाउँपालिकाले राष्ट्रिय र प्रादेशिक निति अनुसार स्वास्थ्य विमा कार्यक्रमलाई प्रभावकारी रुपमा संचालन गर्न आवश्यक सहजीकरण, जनचेतनाका कार्यक्रम तथा अभियानका कार्यहरु संचालन तथा व्यवस्थापन गर्ने छ ।

(२) आवश्यकता अनुसार अन्य सामाजिक सुरक्षा कार्यक्रमहरु निर्माण गरी संचालन तथा व्यवस्थापन गर्नेछ ।

## ४९. सरसफाई र स्वच्छताको लागि अनुगमन तथा नियमन

(१) स्वस्थ खानेपानी र खाद्यपदार्थको गुणस्तर एवं वायु तथा ध्वनी प्रदुषण नियन्त्रण गर्न स्वास्थ्य सेवा व्यवस्थापन अनुमगन समितिले आवश्यक व्यवस्था मिलाउनु पर्ने छ ।

(२) जनस्वास्थ्यमा प्रतिकुल असर पुर्याउने, प्रदुषण बढाउने उद्योग धन्दा, संस्था वा व्यक्तिलाई सो सम्बन्धी सचेत गराउन र सोबाट पर्न जाने हानी नोक्सानीको क्षति पूर्ति गराउन सिफारिस गर्न सक्नेछ ।

(३) सिफारिस बमोजिम गाउँकार्यपालिकाले दण्ड जरिवाना तथा अन्य कारबाही सम्बन्धी व्यवस्था मिलाउन सक्नेछ ।

# परिच्छेद नं. ७

## संक्रामक रोगको व्यवस्थापन, स्वास्थ्य संकट तथा अभिलेखिकरण व्यवस्थापन

प्रमाणीकरण उमेश चन्द्र यादव अध्यक्ष

## ५०. संक्रामक रोगको व्यवस्थापन:

(१) संक्रामक रोगबाट प्रभावित भएको लागेमा सम्बन्धित व्यक्ति वा निजको नजिकको आफन्तले स्थानीय स्वास्थ्य संस्था वा स्वास्थ्यकर्मीलाई सो को जानकारी दिनु पर्नेछ ।

(२) कुनै व्यक्ति संक्रामक रोगबाट प्रभावित भइ उपचार गर्न आएमा अविलम्ब सो को जानकारी स्वास्थ्य शाखा मार्फत कार्यपालिकालाई दिनु सम्बन्धित चिकित्सक वा स्वास्थ्य कर्मीको दायित्व र जिम्मेवारी हुनेछ ।

(३) कार्यपालिकाले प्रभाव क्षेत्र निर्क्यौल गरी रोगको रोकथाम र न्युनिकरणका लागि आवश्यक सतर्कता अपनाउन, जनशक्ति परिचालन गर्न र थप क्षति हुन नदिन स्थानीय स्रोत साधन परिचालन गर्न र सार्वजनिक सुचना प्रकाशित गरी आवश्यक आदेश जारी गर्न सक्नेछ ।

(४) रोगको रोकथाम र नियन्त्रका लागि कार्यपालिकाले अवलम्बन गरेका योजना कार्यान्वयन गर्नु र आदेशहरूको पालना गर्नु सबैको कर्तव्य हुनेछ ।

(५) उपदफा (३) बमोजिम रोग रोकथाम र नियन्त्रण गर्न सहयोगको लागि गाउँपालिकाले अन्य स्थानीय तह, प्रदेश सरकार र नेपाल सरकारसंग अनुरोध र समन्वय गर्नेछ ।

(६) संक्रमित व्यक्तिहरूको व्यक्तिगत जानकारी र सेवा अभिलेखको गोपनियता सुनिश्चित गर्नु सेवा प्रदायक र स्वास्थ्य संस्था प्रमुखको दायीत्व हुनेछ ।

## ५१. स्वास्थ्य सम्बन्धी विपद् पूर्व तयारी तथा प्रतिकार्य:

(१) गाउँपालिकाले आफ्नो कार्य क्षेत्र भित्र हुन सक्ने वा भएको महामारी, प्राकृतीक प्रकोपले सृजना गरेको विपद् र स्वास्थ्य क्षेत्रमा हुन सक्ने क्षतीलाइ कम गर्न स्वास्थ्य संकट एवं विपद् पूर्व तयारी तथा प्रतिकार्य योजना निर्माण गरि कार्यान्वयन गर्न सक्नेछ ।

## ५२. महामारी रोकथाम तथा नियन्त्रण गर्न अभियान संचालन गर्नु पर्ने

(१) गाउँपालिका भित्र रोगको महामारी फैलिएमा गाउँपालिकाले सोको प्रभाव क्षेत्र निर्क्यौल गरी विधालयहरु बन्द गर्ने, अस्थायी रुपमा वस्ती खाली गर्न वा अन्य सर्वसाधरणलाई भ्रमणमा प्रतिबन्ध समेत लगाउन सक्नेछ ।

(२) यस्तो परिस्थीतिमा महामारी बाट थप क्षति हुन नदिन आवश्यक सर्तकता अपनाउने, आवश्यक जनशक्ति परिचालन गर्ने र थप जनशक्तिको लागि छिमेकी स्थानीय तह, प्रदेश सरकार र संघीय सरकारमा अनुरोध गरी प्रभावकारी परिचालन गर्नु पर्नेछ ।

## ५३. रोग तथा रोगीहरुको अभिलेख राख्नुपर्ने

(१) गाउँपालिका भित्रको कुनै नागरिकलाई सरुवा रोग लागेमा सोको जानकारी २४ घण्टा भित्र नजिकको सामुदायिक स्वास्थ्य संस्था वा स्वयम सेविकालाई टिपोट गराउनु पर्नेछ । सोको जानकारी दिनु हरेक नागरिकको कर्तव्य हुनेछ ।

(२) कसैलाई नसर्ने रोग लागेमा सोको जानकारी ५ दिन भित्र नजिकको सामुदायिक स्वास्थ्य संस्था वा महिला सामुदायिक स्वास्थ्य स्वयं सेविकालाई टिपोट गराउनु पर्ने छ ।

(३) टिपोट गराएका रोगीहरुको विवरण सम्बन्धि स्वास्थ्य संस्थाहरुले मासिक रुपमा स्वास्थ्य संस्था सञ्चालन तथा व्यवस्थापन समितिमा छलफल गरि स्वास्थ्य व्यवस्थापन सूचना प्रणालीमा प्रतिवेदन गर्नु पर्नेछ ।

## ५४. सुर्ति, मदिरा तथा सुर्तीजन्य पदार्थको नियमन

(१) सुर्ती, मदिरा तथा सुर्तीजन्य पदार्थ विक्री वितरणको लागि गाउँपालिकाबाट छुट्टै अनुमति लिनु पर्ने छ ।

(२) खाध्यपदार्थ विक्रि गर्ने पसलमा सुर्ति, मदिरा तथा सुर्ती जन्य पदार्थ विक्री वितरण गर्न पाइनेछैन ।

(३) सुर्ती, मदिरा र सुर्तीजन्य लागु पदार्थहरु विक्री वितरण र प्रयोगमा नियन्त्रण गर्न निषेधित र खुल्ला क्षेत्रहरु तोक्न सक्ने छ । विधालय सरकारी कार्यालय, हाटबजार जस्ता क्षेत्रहरुको निश्चित दुरी तोकी धुम्रपान र मदिरा पान निषेध गरिनेछ ।

(४) खाध पदार्थ संगै सुर्ति तथा मदिरा र सुर्तिजन्य पदार्थ विक्रि वितरण गरेमा निषेधित क्षेत्रमा धुम्रपान र मदिरा सेवन गरेमा स्थानीय प्रशासनको सहयोगमा गाउँपालिकाले कारबाही गर्न सक्नेछ ।

## ५५. सरसफाई सम्बन्धी कार्यक्रम तथा फोहोर मैला व्यवस्थापन

(१) गाउँपालिका स्वस्थ्य शाखाले व्यक्तिगत घरेलु तथा समुदायिक सरसफाईका मापदण्ड तयार गरी प्रत्येक आर्थिक वर्षको पहिलो महिना भित्र कार्यपालिकाबाट अनुमोदन गराउनु पर्ने छ ।

(२) यसरी अनुमोदन भएको मापडण्डलाई वडा कार्यालय र स्वास्थ्य संस्थाले महिला सामुदायिक स्वास्थ्य स्वयम सेविकाहरु परिचालन गरी सबै घरपरिवार सम्म वितरण गर्ने छन ।

प्रमाणीकरण उमेश चन्द्र यादव अध्यक्ष

(३) घर निर्माण गर्दा शौचालयको फोहोर व्यवस्थापन गर्ने विधी र घरेलु फोहोर विसर्जन गर्ने स्थानको अनिवार्य व्यवस्था भएको हुनु पर्नेछ ।

(४) एक परिवारको शौचालय ढल र फोहोर मैला व्यवस्थित नभएको कारण अर्को परिवारमा हानी नोक्सानी पर्न गएमा सोको क्षती पूर्ति हानी पुर्याउने परिवारले व्यहोर्नु पर्नेछ ।

(५) बजार तथा बस्ती क्षेत्रबाट निस्कासन हुने फोहोर मैलालाइ छुट्याएर कम्पोष्ट मल बनाएको अबस्थामा गाउँपालिकाले प्रोत्साहन रकम प्रदान गर्न सक्नेछ ।

## परिच्छेद -८

### कसुर, जरिवाना र क्षतिपूर्ति

**५६. कसूर गरेको मानिने:**

कसैले देहाय बमोजिमका कार्य गरेमा यो ऐन अन्तर्गतको कसूर गरेको मानिनेछः–

(क) दफा २८ बमोजिम इजाजतपत्र नलिई स्वास्थ्य संस्था सञ्चालन गरेमा,

(ख) स्वास्थ्य उपचार सेवा प्रदान गर्न इन्कार गरेमा,

(ग) स्वस्थ्य संस्थाले आधारभूत स्वास्थ्य सेवा तथा स्वास्थ्य संस्थामा उपलब्ध हुने आकस्मिक उपचार नगरेमा,

(घ) दफा १३ बमोजिम सेवाग्राहीहरूलाइ लाई समान व्यवहार नगरेमा,

(ङ) दफा १५ बमोजिम गोपनीयता कायम नगरेमा,

(च) स्वास्थ्यकर्मी वा सेवा प्रदायकलाई यो ऐन अन्तर्गतको कर्तव्य निर्वाह गर्न बाधा व्यवधान उत्पन्न गरेमा,

(छ) स्वास्थ्यकर्मी वा स्वास्थ्य संस्थालाई यो ऐन बमोजिम सूचना वा जानकारी गराउनु पर्ने व्यक्तिले त्यस्तो सूचना वा जानकारी उपलब्ध नगराएमा,

(ज) स्वास्थ्यकर्मी वा सेवाप्रदायकलाई जानीजानी गलत सूचना उपलब्ध गराएमा,

(झ) स्वास्थ्यकर्मी वा स्वास्थ्य संस्थालाई झुक्याउन अर्को व्यक्ति भएको बहाना गरेमा,

(ञ) यो ऐन तथा यस ऐन अन्तर्गत बनेको नियम, मापदण्ड, निर्देशिका तथा कार्यविधि बमोजिम जारी भएको सूचना पालना नगरेमा,

(ट) खाद्य पदार्थ तथा पानीको गुणस्तरका कारण जनस्वास्थ्यमा प्रतिकूल प्रभाव पारेमा,

उमेश चन्द्र यादव

(ठ) यस ऐन तथा यस सँग सम्बन्धित विनयम तथा जनस्वास्थ्यको मापदण्ड अनुसार विपरीत हुने गरि कसैले विज्ञापन गरेको पाइएमा,

(ड) यो ऐन तथा यस ऐन अन्तर्गत बनेको नियम, मापदण्ड, निर्देशिका तथा कार्यविधि विपरितको अन्य कुनै कार्य गरेमा ।

## ५७. सजाय तथा जरिवाना:

(१) दफा ५६ को खण्ड (क) बमोजिमको कसूर गरेमा संघीय जनस्वास्थ्य सेवा ऐन, २०७५ बमोजिम हुनेछ ।

(२) दफा ५६ को खण्ड (ख), (ग), (घ), (ङ), (च), (छ), (ज), (झ), (ञ), (ट) र (ड) बमोजिमको कसूर गरेमा गाउँपालिकाले पच्चीस हजारदेखि पचास हजारसम्म जरिवाना गर्न सक्नेछ ।

(३) दफा ५६ को खण्ड (ठ) बमोजिमको कसूर गरेमा विज्ञापन प्रशारण गर्नेलाई गाउँपालिकले दश हजार रुपैयाँ जरिबाना गर्न सक्नेछ ।

(४) दण्ड, सजाय र जरिवाना सम्बन्धि अन्य ब्यबस्था प्रचलित कानून बमोजिम हुनेछ ।

## ५८. क्षतिपुर्ति दिनुपर्ने:

(१) गाउँपालिका भित्र कुनै व्यक्ति वा संस्थाले यो ऐन वा यस ऐन अन्तर्गत बनेको नियम, निर्देशिका वा मापदण्ड विपरीतका गतिविधिले अन्य व्यक्तिको स्वास्थ्यमा प्रत्यक्ष रूपमा प्रतिकूल असर गरेमा त्यस्तो कार्यबाट पीडित व्यक्ति वा संस्थाले आफूलाई पुग्न गएको क्षति बापत कार्यपालिका वा सम्बन्धित निकायबाट क्षतिपूर्ति भराई पाउन निवेदन दिन सक्नेछ ।

(२) उपदफा (१) बमोजिम परेको निवेदन सम्बन्धमा छानबिन तथा जाँचबुझ गर्दा निवेदकलाई हानी नोक्सानी भएको ठहरेमा क्षतिको यकिन गरी त्यसरी हानि नोक्सानी पुऱ्याउने व्यक्ति, संस्था वा प्रस्तावकबाट पीडितलाई मनासिब क्षतिपूर्ति भराई दिनु पर्नेछ ।

## ५९. पुनरावेदन दिन सक्ने :

(१) दफा ५७ बमोजिम गरेको जरिवाना उपर चित्त नबुझ्ने पक्षले त्यस्तो आदेश भएको मितिले पैतिस दिनभित्र सम्बन्धित जिल्ला अदालतमा पुनरावेदन दिन सक्नेछ ।

प्रमाणीकरण
उमेश चन्द्र थापा
अध्यक्ष

६०. सहुलियत तथा पुरस्कार प्रदान गर्न सक्नेः

(१) प्रचलित मापदण्डका अतिरिक्त जनस्वास्थ्यमा सकारात्मक प्रभाव पार्नेगरी विशेष काम गर्ने स्वास्थ्य संस्थाहरूलाई प्रोत्साहित गर्न गाउँपालिकाले सहुलियत तथा पुरस्कार प्रदान गर्न सक्नेछ ।

## परिच्छेद नं. ९

विविध

६१. प्राईभेट मेडिकल, कलेज अध्ययन संस्थान र ठुला अस्पताल संचालनका लागि सिफारिस

(१) राष्ट्रिय र प्रादेशिक मापदण्ड अनुरुप निजी स्तरमा मेडिकल कलेज तथा स्वास्थ्य अध्ययन संस्थान, अस्पताल वा निदान केन्द्र स्थापना को लागि सम्बन्धीत वडा र गाउँ पालिकाबाट सिफारिस लिनु पर्नेछ ।

(२) उपदफा (१) बमोजिमको सिफारिस लिदा बातावरणीय प्रभाव अध्ययन गरी स्थानीय स्तरमा पर्ने नाकारात्मक प्रभाव हरुको न्यूनिकरणका लागि कार्यक्रम र बजेट प्रस्ताव गरिएको हुनु पर्नेछ ।

(३) सिफारिसका लागि गाउँपालिका आर्थिक ऐनले तोके बमोजिमको राजश्व दस्तुर बुझाउनु पर्नेछ ।

६२. राष्ट्रिय र प्रदेशिक अभियन्तालाई सघाउ पुर्याउनु पर्ने

(१) स्वास्थ्य सेवा सम्बन्धी राष्ट्रिय तथा अन्तराष्ट्रिय मापदण्ड पुरा गर्न संघीय तथा प्रदेश सरकारले संचालन गरेको अभियानमा गाउँपालिकाको स्वास्थ्य शाखाले समन्वय तथा सहकार्य गर्नेछ ।

(२) नेपाल सरकारले तोकेको मापदण्ड पुरा गरी गाउँपालिका क्षेत्रमा स्वास्थ्य सम्बन्धि चेतनामूलक अभियानहरू सञ्चालनका लागि आउने स्वतन्त्र आविस्कारक वा अभियन्ताहरूले गाउँपालिकाको स्वास्थ्य शाखामा सम्पर्क तथा समन्वय गरेर मात्र त्यस्ता कार्यक्रम तथा अभियानहरू सञ्चालन गर्नु पर्नेछ । प्रक्रिया पुरा गरी आउने अभियन्ताहरूले ल्याउनु भएको अभियान पालिकाले तोकेको मापदण्ड पुरा गरेको अवस्थामा अभियानलाइ सहयोग गर्न सक्नेछ ।

## ६३. अनुगमन र नियमन

आमा समुह, धामी, झाक्री, अन्य स्वास्थ्य उपचार तथा प्रवर्ध्दनात्मक स्वास्थ सेवा प्रदायकका अभिलेख अध्यावधिक गरी तिनीहरुको क्रियाकलापलाई स्वास्थ्य शाखाले अनुगमन र नियमन गर्नेछ ।

## ६४. प्रगती प्रतिबेदन बुझाउनु पर्ने

गाउँपालिका क्षेत्रभित्र कार्यरत स्वास्थ्य सम्बन्धी संस्था तथा सेवाप्रदायकहरुले आफनो प्रगती विवरण मासिक, त्रैमासिक, अर्धवार्षिक तथा वार्षिकरुपमा गाउँपालिका स्वास्थ्य शाखा समक्ष बुझाउनु पर्ने छ । महामारी तथा विशेष परिस्थितिमा गाउँपालिकाले माग गर्दा जुनसुकै समयमा पनि विवरणहरू उपलब्ध गराउनु पर्नेछ ।

## ६५. साझेदारी सम्बन्धमा

गाउँपालिकाले आधारभूत स्वास्थ्य सेवा प्रदान गर्नका लागि अन्य सरकारी निकाय, राष्ट्रिय तथा अन्तराष्ट्रिय गैर सरकारी सामाजिक संघ संस्था, निजी व्यवसायी, ट्रष्ट, सहकारी र व्यक्तिहरु संग विभिन्न कार्यहरुका लागि साझेदारी गर्नसक्नेछ र तिनीहरुबाट औषधी उपकरण विशेषज्ञ सीपहरुको सहायता प्राप्त गर्न सक्नेछ ।

## ६६. नियम बनाउने अधिकार

(१) यस ऐनको उद्देश्य कार्यान्वयन गर्न गाउँ कार्यपालिकाले आवश्यक नियम बनाउन सक्नेछ ।

(२) यस ऐनको कार्यान्वयनको लागि गाउँ कार्यपालिकाले आवश्यक निर्देशिका बनाई लागु गर्न सक्नेछ।

## ६७. संक्रमणकालिन व्यवस्था

यस ऐनले तोकिए बमोजिम हुने भनी व्यवस्था गरेको काम नियमावली नआउँदा सम्म गाउँ कार्यपालिकाले गर्न सक्नेछ ।

## ६८. बाधा अड्काउ फुकाउने अधिकार

(१) यस ऐनको उद्देश्य कार्यान्वयन गर्न कुनै वाधा अड्काउ परेमा गाउँ कार्यपालिकाले त्यस्तो वाधा अड्काउ फुकाउने आदेश जारी गर्न सक्नेछ र त्यस्तो आदेश यसै ऐनमा परे सरह मानिने छ । तर यस्तो आदेश जारी भएको मिति पछी बर्सको पहिलो गाउँ सभाले अनुमोदन नगरेमा स्वत निष्कृय हुनेछ ।

प्रमाणीकरण
उमेश चन्द्र यादव
अध्यक्ष

(२) यस ऐनमा अन्यत्र जेसुकै लेखे पनि यो ऐन संशोधन गर्ने अधिकार गाउँ सभामा निहीत हुनेछ ।


## ६९. बचाउ र लागु नहुने

(१) यो ऐन वा यस ऐन अन्तर्गत बनेका नियममा लेखिए जती कुरामा सोही बमोजिम र नलेखिएको कुरामा प्रचलित कानून बमोजिम हुनेछ ।

(२) संविधान वा प्रचलित कानून संग बाझिएको खण्डमा यस ऐनको दफा तथा उपदफाहरु बाझिएको हद सम्म स्वत निष्कृय हुनेछ ।

प्रमाणीकरण
उमेश चन्द्र यादव
अध्यक्ष

प्रतापपुर गाउँपालिकाको स्वास्थ्य ऐन २०७९



प्रतापपुर गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
बेलाटारी, नवलपरासी (ब.सु.प)
लुम्बिनी प्रदेश, नेपाल
२०७९